“ज्ञानको आदान–प्रदान, धरोहरको संरक्षण, भविष्यको निर्माण”

रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव–२०८२

२०८२ माघ २५–२७

राष्ट्रिय सभा गृह, भृकुटीमण्डप, काठमाडौं

प्रतिवेदन

आयोजकः

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

ललितपुर, काठमाडौं

विषयसूचि

१. कार्यकारी सारांश / १

२. परिचय / ३

२.१. पृष्ठभूमि / ३

२.२. सम्मेलनमा उद्देश्यहरू / ३

३. सम्मेलनको औचित्य / ४

३. दैनिक कार्यक्रम विववरण / ६

३.१. पहिलो दिन (माघ २५) – औपचारिक उद्घाटन सत्र / ६

३.२. दोस्रो दिन (माघ २६ गते) : प्यानल छलफल तथा अनुभव आदान–प्रदान / ९

३.३. तेस्रो दिन (माघ २७ गते) : समानन्तर प्राज्ञिक विमर्श सत्रहरु / ११

३.४. नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव-२०८२ को समापन समारोह / १२

४. निष्कर्ष र सिफारिसहरु / १४

अनुसूचिहरु

अनुसूचि – १ / १६

अनुसूचि – २ / २२

अनुसूचि – ३ / २४

अनुसूचि – ४ / २७

अनुसूचि – ५ / २९

अनुसूचि – ६ /३४

१. कार्यकारी सारांश

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (नेफ्डिन) स्थापना भएको २५ वर्ष पुगेको अवसरमा आयोजित "रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन–२०८२" ले नेपालका आदिवासी जनजाति समुदायको ज्ञान, संस्कृति, भाषा, परम्परा तथा जीवनदर्शनलाई संरक्षण, प्रवर्द्धन र राष्ट्रिय विकासको मूलधारसँग जोड्ने उद्देश्य राखेको थियो। २०८२ माघ २५ देखि २७ गतेसम्म तीन दिन सञ्चालन गरिएको यस सम्मेलनले शैक्षिक, नीतिगत तथा सांस्कृतिक संवादका माध्यमबाट आदिवासी ज्ञान प्रणालीको महत्व उजागर गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ।

सम्मेलनको उद्घाटन समारोह सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने समापन समारोह नेपाल सरकारका अर्थमन्त्री तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय रामेश्वर खनालज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सो अवसरमा सम्माननीय राष्ट्रपति पौडेलले नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव आदिवासी ज्ञान प्रणालीको दस्तावेजीकरण, अन्तरपुस्ता हस्तान्तरण, शैक्षिक तथा नीतिगत बहस, तथा दिगो विकाससँग यसको सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण मञ्च हुने बताउनुभएको थियो। त्यसैगरी अर्थमन्त्री खनालले आदिवासी जनजातिको परम्परागत ज्ञानलाई केवल सांस्कृतिक सम्पदा मात्र नभई आर्थिक सम्भावना र दिगो विकासको आधारका रूपमा लिनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो।

सम्मेलनमा देशका सातै प्रदेशबाट आएका प्राज्ञिक व्यक्तित्व, आदिवासी समुदायका ज्ञानका धरोहर अग्रजहरू, अनुसन्धानकर्ता, नीति–निर्माता, जनप्रतिनिधि, नागरिक समाजका प्रतिनिधि तथा युवाहरू गरी ८५० भन्दा बढीको सहभागिता रहेको थियो। कार्यक्रममा प्रस्तुत कार्यपत्र, प्यानल छलफल, अनुभव आदान–प्रदान तथा संवादहरूले आदिवासी ज्ञान प्रणाली, भाषा संरक्षण, सांस्कृतिक सम्पदा, भूमि तथा प्राकृतिक स्रोत व्यवस्थापन, समावेशी लोकतन्त्र, विविधता तथा संघीय शासन व्यवस्थामा आदिवासी दृष्टिकोण जस्ता विषयहरूमा गहन छलफल भएको थियो।

सम्मेलनको एक महत्वपूर्ण विशेषता भनेको शैक्षिक तथा बौद्धिक छलफललाई सांस्कृतिक अभिव्यक्तिसँग संयोजन गर्नु थियो। सम्मेलनका दौरान विभिन्न आदिवासी समुदायका मौलिक सांस्कृतिक प्रस्तुतिहरू, नृत्य, संगीत तथा परम्परागत खानाका परिकारहरूको प्रदर्शन गरिएको थियो। यसले आदिवासी ज्ञान केवल अध्ययनको विषय मात्र नभई जीवित सांस्कृतिक अभ्यासको रूपमा रहेको तथ्यलाई उजागर गरेको थियो। यसरी हेर्दा सम्मेलनमा प्राज्ञिक र सांस्कृतिक पक्षको सशक्त संयोजन देखिएको थियोः

- **प्राज्ञिक सत्र:** सम्मेलनमा प्राध्यापक महेन्द्र पी. लामाको विशेष मन्तव्यसहित नीति–निर्माताहरूसँग पाँच वटा छलफल सत्र तथा १५ वटा विषयगत शीर्षकहरू अन्तर्गत ६६ वटा अनुसन्धानात्मक कार्यपत्रहरू प्रस्तुत गरिएका थिए।
- **खाना महोत्सव:** सम्मेलन स्थलमा आदिवासी जनजातिहरूका परम्परागत मौलिक खानाहरूको प्रवर्द्धन तथा प्रचारका लागि थारु, थकाली, नेवारी, राई र शेर्पा समुदायका मौलिक परिकारहरूको प्रदर्शनी तथा बिक्री–वितरण गरिएको थियो। सहभागीहरूलाई ती परिकारहरू उपलब्ध गराइएको थियो।
- **बहुसांस्कृतिक कार्यक्रम:** आदिवासी जनजातिहरूका विशिष्ट सांस्कृतिक पक्षहरू उजागर गर्न भोटे, छन्त्याल, मगर, गुरुङ, सुनुवार, तामाङ र राजवंशी समुदायका मौलिक पहिचान झल्किने सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरिएको थियो।

यस सम्मेलनले आदिवासी ज्ञानलाई केवल परम्परागत तथा सांस्कृतिक सम्पदाको रूपमा सीमित नराखी यसलाई "भविष्यको दिगो विकासको आधार" का रूपमा स्थापित गरेको छ। आदिवासी समुदायका युवाहरूको नेतृत्व विकास, नयाँ पुस्तामा ज्ञान हस्तान्तरण, भूमि तथा प्राकृतिक स्रोतसँग सम्बन्धित अधिकार, तथा समावेशी लोकतान्त्रिक शासन व्यवस्थामा आदिवासी दृष्टिकोणलाई सुदृढ बनाउने विषयलाई प्रमुख प्राथमिकताका रूपमा उठाइएको थियो।

सम्मेलनले आदिवासी समुदायका ऐतिहासिक योगदान तथा आदर्श व्यक्तित्वहरूको सम्मान गर्दै उनीहरूको योगदानलाई राष्ट्रिय विमर्शमा स्थापित गर्ने प्रयास पनि गरेको थियो। साथै, आदिवासी ज्ञानको दस्तावेजीकरण, अभिलेखीकरण तथा डिजिटल माध्यमबाट संरक्षण गर्दै भावी पुस्तामा हस्तान्तरण गर्ने आवश्यकता पनि औंल्याइएको थियो। यसरी हेर्दा यस सम्मेलनले इतिहास र परम्परामा गर्व गर्न मात्र सिकाएको छैन, लामो अभ्यासबाट निखारिँदै आएको आदिवासी ज्ञानलाई भावी पुस्तामा हस्तान्तरण र पुस्तान्तरण गर्ने विषयमा पनि विशेष जोड दिएको छ।

सम्मेलनबाट निम्न प्रमुख निष्कर्षहरू तथा प्रतिबद्धताहरू अघि आएका छन्:

- सहभागीहरूले आदिवासी ज्ञानको संरक्षण, बौद्धिक सम्पत्तिको अधिकार तथा नीतिगत समावेशीकरणका लागि साझा प्रतिबद्धता जनाएका छन्।
- ओझेलमा परेका परम्परागत ज्ञान र सीपलाई आधुनिक प्रविधिमार्फत अभिलेखीकरण र पुस्तान्तरणका लागि ठोस पहल गर्न आह्वान गरिएको छ।
- भूमि, भाषा, शिक्षा तथा प्राकृतिक स्रोत व्यवस्थापनमा आदिवासी दृष्टिकोणलाई राज्यका नीतिहरूमा समेट्न ठोस सुझावहरू संकलन गरिएको छ।
- युवा पुस्तालाई आफ्नो जातीय मौलिक पहिचान र परम्परागत ज्ञानप्रति गौरवान्वित बनाउँदै नेतृत्व विकासमा प्रोत्साहन गरिएको छ।
- आदिवासी ज्ञान केन्द्र स्थापना गर्ने, समुदाय–आधारित अनुसन्धान कोष स्थापना गर्ने, विद्यालय तहमा स्थानीय भाषा शिक्षाको विस्तार गर्ने, तथा वार्षिक रूपमा आदिवासी ज्ञान सम्मेलनलाई निरन्तरता दिने विषयमा साझा धारणा बनेको छ।

समग्रमा, रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन–२०८२ नेपालमा आदिवासी ज्ञान प्रणालीलाई राष्ट्रिय विकास तथा नीतिगत विमर्शको केन्द्रमा ल्याउने महत्वपूर्ण मञ्चका रूपमा स्थापित भएको छ। यस सम्मेलनले शैक्षिक अनुसन्धान, सामुदायिक अनुभव तथा सांस्कृतिक अभिव्यक्तिलाई एकीकृत गर्दै आदिवासी ज्ञानको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि नयाँ दिशा प्रदान गरेको निष्कर्ष यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

२. परिचय

२.१. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषताले सम्पन्न राष्ट्र हो । यसको विविधतामा आदिवासी जनजाति (आदिवासी जनजाति) समुदायहरूको महत्वपूर्ण योगदान छ, जसमा उनीहरूको परम्परागत ज्ञान, सीप, अभ्यास, जीवनदर्शन तथा सांस्कृतिक सम्पदा राष्ट्रिय पहिचानका आधारहरू हुन् । नेपालको संविधान २०७२ ले आदिवासी जनजातिहरूको पहिचान, भाषा, संस्कृति, परम्परा तथा ज्ञान प्रणालीको संरक्षण र प्रवर्द्धनलाई मौलिक अधिकार तथा राज्यको दायित्वका रूपमा सुनिश्चित गरेको छ । यद्यपि, राज्यका औपचारिक विकास प्रक्रिया, आधुनिक ज्ञान प्रणालीको वर्चस्व, तीव्र सामाजिक परिवर्तन, जलवायु परिवर्तन तथा द्रुत आधुनिकीकरणका कारण आदिवासी ज्ञान प्रणालीहरू क्रमशः संकटग्रस्त बन्दै गइरहेका छन् । यस्तो सन्दर्भमा, आदिवासी ज्ञानको दस्तावेजीकरण, संरक्षण, प्रवर्द्धन तथा नीतिगत रूपमा अर्थपूर्ण समावेशीकरण आवश्यक भएको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (नेफ्डिन) को स्थापना आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार भएको हो । यो प्रतिष्ठान आदिवासी जनजातिहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक सशक्तीकरणका लागि निरन्तर क्रियाशील छ । प्रतिष्ठान ऐन अनुसार हाल नेपालका ६० वटा जातीय सुदायहरु आदिवासी जनजातिका रुपमा सूचिकृत रहेका छन्। प्रतिष्ठानको स्थापना पश्चात् २५ वर्ष पूरा भएको अवसरमा रजत जयन्ती मनाउने क्रममा "नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव-२०८२" आयोजना गरिएको हो । यो सम्मेलन २०८२ माघ २५ देखि २७ सम्म काठमाडौंको राष्ट्रिय सभा गृहमा सम्पन्न भएको थियो ।

नेपालका आदिवासी जनजाति समुदायहरूमा निहित परम्परागत ज्ञान राष्ट्रिय सांस्कृतिक सम्पदा मात्र नभई दिगो विकास, वातावरणीय संरक्षण तथा सामाजिक समावेशीताका महत्वपूर्ण आधार हुन् । तर, राज्यको विकास प्रक्रियामा यी ज्ञानहरूको सीमित समावेशीकरण र संरक्षणको अभावले उनीहरूलाई जोखिममा पारेको छ । प्रतिष्ठानले विगत २५ वर्षमा आदिवासी समुदायहरूको उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ, जसमा भाषा संरक्षण, सांस्कृतिक पुनर्जागरण, जलवायु परिवर्तन अनुकूलन, जैविक विविधता संरक्षण तथा दिगो विकासमा आदिवासी योगदानलाई राष्ट्रिय विमर्शको केन्द्रमा ल्याउने प्रयासहरू समावेश छन् ।

सम्मेलनको ऐतिहासिक सन्दर्भमा, नेपालका आदिवासी जनजातिहरूले आफ्नो पहिचान, भाषा, संस्कृति तथा ज्ञानको संरक्षणका लागि लामो संघर्ष गरेका छन् । यो सम्मेलन आदिवासी समुदाय, सरोकारवाला निकाय, विज्ञ तथा नीतिनिर्माताबीच ज्ञान आदान-प्रदान, नीतिगत संवाद र सहकार्यलाई सुदृढ गर्दै आदिवासी जनजातिहरूको बौद्धिक सशक्तीकरणमा योगदान पुऱ्याउने माध्यम बनेको छ । यसले आदिवासी ज्ञानलाई शैक्षिक, नीतिगत तथा विकास प्रक्रियाको मूलधारमा समावेश गर्ने लक्ष्य राखेको छ । सम्मेलनमा ८०० भन्दा बढी सहभागीहरू (प्राज्ञिक, अनुसन्धाता, सामुदायिक ज्ञानधारक, नीतिनिर्माता, युवा, तथा अन्तर्राष्ट्रिय विज्ञहरू) को उपस्थिति थियो, जसले यसको व्यापकता र महत्वलाई झल्काउँछ ।

२.२. सम्मेलनमा उद्देश्यहरू

सम्मेलनका उद्देश्यहरू मुख्य रूपमा आदिवासी ज्ञानको संरक्षण, प्रवर्द्धन तथा नीतिगत एकीकरणमा केन्द्रित छन् ।

२.२.१ मुख्य उद्देश्य

नेपालका आदिवासी जनजातिहरूको मौलिक ज्ञान, संस्कृति, भाषा तथा पहिचानको संरक्षण, प्रवर्द्धन र नीतिगत तहमा योगदान पुऱ्याउनु । यसले आदिवासी ज्ञानलाई राष्ट्रिय विमर्शको केन्द्रमा ल्याउने तथा दिगो विकासमा यसको उपयोग सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

२.२.२ विशिष्ट उद्देश्यहरू

सम्मेलनका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन्:

(१) आदिवासी जनजाति समुदायमा निहित परम्परागत ज्ञान, सीप, अभ्यास तथा जीवनदर्शनको पहिचान, दस्तावेजीकरण, संरक्षण र प्रवर्द्धन गर्नु। यसले आदिवासी ज्ञानको लिखित तथा डिजिटल अभिलेखीकरणलाई जोड दिन्छ, जसबाट अन्तरपुस्तीय हस्तान्तरण सम्भव हुन्छ।

(२) आदिवासी ज्ञान प्रणालीलाई शैक्षिक, नीतिगत तथा विकास प्रक्रियाको मूलधारमा समावेश गर्न नीतिगत संवाद र बहसको मञ्च प्रदान गर्नु। यसले राज्यको विकास योजनामा आदिवासी दृष्टिकोणलाई एकीकृत गर्ने तथा कानुनी संरक्षण सुनिश्चित गर्ने लक्ष्य राख्छ।

(३) आदिवासी समुदाय, अनुसन्धानकर्ता, विज्ञ, नीतिनिर्माता तथा सरोकारवाला निकायबीच ज्ञानको आदान-प्रदान, अनुभव साझेदारी र सहकार्य सुदृढ गर्नु। यसले अन्तर्राष्ट्रिय अनुभव (जस्तै: भारतीय अनुभवबाट सिकाइ) लाई नेपालको सन्दर्भमा लागू गर्ने अवसर प्रदान गर्छ।

(४) आदिवासी भाषा, संस्कृति, परम्परा र सांस्कृतिक विविधताको संरक्षण तथा उत्सवमार्फत राष्ट्रिय पहिचान प्रवर्द्धन गर्नु। यसमा खाना महोत्सव, सांस्कृतिक प्रस्तुति तथा प्रदर्शनीहरू समावेश छन्, जसले लोपोन्मुख भाषा र संस्कृतिको जागरण ल्याउँछ।

(५) आदिवासी जनजातिका सवालमा युवा पुस्ताको सहभागिता, नेतृत्व र नवप्रवर्तनलाई प्रोत्साहन गर्नु। यसले युवाहरूलाई आदिवासी मुद्दामा सक्रिय बनाउने तथा डिजिटल उपकरणहरूको प्रयोगबाट ज्ञान हस्तान्तरणलाई आधुनिक बनाउने उद्देश्य राख्छ।

(६) भूमि, प्राकृतिक स्रोत, खाद्य संप्रभूता, सुशासन तथा समावेशी लोकतन्त्र सम्बन्धी आदिवासी दृष्टिकोणलाई उजागर गर्नु। यसले आदिवासीहरूको परम्परागत शासन प्रणाली, संघीयता तथा समावेशीताका विषयमा विमर्शलाई जोड दिन्छ।

(७) आदिवासी ज्ञानको डिजिटलीकरण र अभिलेखीकरणमार्फत अन्तरपुस्तीय हस्तान्तरण र दीगो उपयोग सुनिश्चित गर्नु। यसले ज्ञानको डिजिटल भण्डारण तथा पहुँचलाई बढावा दिन्छ, जसबाट भावी पुस्ताले यसलाई उपयोग गर्न सक्छन्।

३. सम्मेलनको औचित्य

आदिवासी जनजाति समुदायहरूले हजारौँ वर्षदेखि विकास गर्दै आएको विशिष्ट ज्ञान प्रणाली, परम्परागत सीप, सांस्कृतिक अभ्यास तथा जीवनदर्शनले समाज, संस्कृति र प्रकृतिसँगको सन्तुलित सम्बन्ध कायम गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। यद्यपि आधुनिक विकास प्रक्रिया, विश्वव्यापीकरण, जीवनशैलीमा आएको परिवर्तन तथा पुस्तान्तरणको कमजोर बन्दै गएको परम्पराका कारण यी मौलिक ज्ञान प्रणालीहरू क्रमशः ओझेलमा पर्ने जोखिम बढ्दै गएको छ। यस परिप्रेक्ष्यमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (नेफिडन) को स्थापना भएको २५ वर्ष पूरा भएको अवसरमा आयोजित "रजत जयन्ती तथा नेपाल आदिवासी जनजाति ज्ञान सम्मेलन/महोत्सव–२०८२" निम्न औचित्यका आधारमा आयोजना गरिएको होः

१. आदिवासी ज्ञान प्रणालीको संरक्षण र दस्तावेजीकरणको आवश्यकता

नेपालका विभिन्न आदिवासी जनजाति समुदायहरूमा मौखिक रूपमा पुस्तान्तरण हुँदै आएका धेरै ज्ञान, सीप र अभ्यासहरू अझै व्यवस्थित रूपमा दस्तावेजीकरण हुन सकेका छैनन्। यस्ता ज्ञान प्रणालीहरू लोप हुने जोखिम बढ्दै गएको अवस्थामा तिनको अध्ययन, अभिलेखीकरण तथा संरक्षणका लागि राष्ट्रिय स्तरमा बहस र पहल आवश्यक भएकोले सम्मेलनको आयोजना गरिएको हो।

२. आदिवासी ज्ञान र दिगो विकासबीचको सम्बन्ध उजागर गर्न

आदिवासी समुदायहरूले विकास गरेका प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण, कृषि प्रणाली, औषधीय ज्ञान तथा सामुदायिक सहअस्तित्वका अभ्यासहरू दिगो विकासका लागि महत्वपूर्ण आधार मानिन्छन् । यस्ता परम्परागत ज्ञान प्रणालीलाई आधुनिक विकास अवधारणासँग जोड्दै यसको महत्व उजागर गर्न सम्मेलन आवश्यक ठानिएको हो ।

३. नीति–निर्माता, प्राज्ञिक क्षेत्र र समुदायबीच संवाद स्थापना गर्न

आदिवासी ज्ञान प्रणालीलाई राष्ट्रिय नीति, शैक्षिक अनुसन्धान तथा विकास कार्यक्रमसँग जोड्नका लागि नीति–निर्माता, प्राज्ञिक क्षेत्र, अनुसन्धानकर्ता तथा समुदायबीच प्रभावकारी संवाद आवश्यक हुन्छ । सम्मेलनले यी सबै पक्षलाई एकै मञ्चमा ल्याई विचार–विमर्श र सहकार्यको अवसर प्रदान गर्ने उद्देश्य राखेको छ ।

४. पुस्तान्तरण र ज्ञान हस्तान्तरणको प्रक्रिया सुदृढ गर्न

आदिवासी समुदायका अग्रज पुस्तामा रहेको मौलिक ज्ञान र अनुभव नयाँ पुस्तामा व्यवस्थित रूपमा हस्तान्तरण नहुँदा ज्ञान प्रणाली कमजोर हुँदै जाने सम्भावना हुन्छ । त्यसैले अग्रज र युवा पुस्ताबीच संवाद र सिकाइको वातावरण निर्माण गर्न सम्मेलनलाई महत्वपूर्ण माध्यमका रूपमा लिइएको हो ।

५. सांस्कृतिक विविधता र पहिचानको संरक्षण प्रवर्द्धन गर्न

आदिवासी समुदायका भाषा, संस्कृति, परम्परा, कला, संगीत तथा खानपान नेपाली समाजको बहुसांस्कृतिक पहिचानका महत्वपूर्ण आधार हुन् । यी सांस्कृतिक पक्षहरूको संरक्षण, प्रवर्द्धन तथा सार्वजनिक प्रदर्शनमार्फत सांस्कृतिक विविधताको सम्मान र अन्तरसमुदायिक समझदारी बढाउन सम्मेलनको आवश्यकता देखिएको हो ।

६. युवा पुस्तामा मौलिक पहिचानप्रति गौरवबोध विकास गर्न

वर्तमान पुस्तामा आफ्नो सांस्कृति तथा परम्परागत ज्ञानप्रति चासो घट्दै जाने चिन्ता बढ्दै गएको छ । यस्तो अवस्थामा युवा पुस्तालाई आफ्नो जातीय पहिचान, भाषा, संस्कृति तथा परम्परागत ज्ञानप्रति गौरवान्वित बनाउँदै अनुसन्धान र नेतृत्व विकासमा प्रेरित गर्न सम्मेलन महत्वपूर्ण अवसर बनेको छ ।

७. आदिवासी ज्ञानलाई राष्ट्रिय विमर्शको केन्द्रमा ल्याउन

नेपालमा विकास, नीति निर्माण तथा अनुसन्धानको क्षेत्रमा आदिवासी ज्ञान प्रणालीलाई अझ प्रभावकारी रूपमा समावेश गर्ने आवश्यकता रहेको छ । यस सम्मेलनले आदिवासी ज्ञानलाई राष्ट्रिय बहस, नीति निर्माण र शैक्षिक अनुसन्धानको महत्वपूर्ण विषयका रूपमा स्थापित गर्ने प्रयास गरेको छ ।

४. दैनिक कार्यक्रम विववरण

४.१. पहिलो दिन (माघ २५) – औपचारिक उद्घाटन सत्र

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको रजत जयन्तीको अवसरमा आयोजित "रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव–२०८२" को औपचारिक उद्घाटन सत्र माघ २५ गते काठमाडौँमा सम्पन्न भएको थियो । तीन दिनसम्म सञ्चालन सञ्चालित यस सम्मेलनको उद्घाटन नेपालका सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले गर्नुभएको थियो । प्रतिष्ठानका उपाध्यक्ष रेसम गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल सरकारका गृहमन्त्री ओम प्रकाश अर्याल विशेष अतिथिका रूपमा सहभागी हुनुभएको थियो । कार्यक्रममा विभिन्न कूटनीतिक नियोगका प्रतिनिधिहरू, नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघलगायत आदिवासीका समुदाय संघसंस्थाका प्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, प्राज्ञिक व्यक्तित्वहरू, अनुसन्धानकर्ता तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

उद्घाटन सत्रमा विभिन्न वक्ताहरूले आदिवासी ज्ञान प्रणालीको महत्व, यसको संरक्षण तथा समावेशी विकाससँगको आवश्यकतालगायतका विषयमा महत्वपूर्ण धारणा प्रस्तुत गरेका थिए ।

४.१.१. प्रतिष्ठानका उपाध्यक्ष रेसम गुरुङको मन्तव्यका मुख्य बुँदाहरू

कार्यक्रमको सुरुवातमै कार्यक्रमका अध्यक्ष तथा प्रतिष्ठानका उपाध्यक्ष रेसम गुरुङले स्वागत मन्तव्य राख्दै प्रतिष्ठान स्थापना भएको २५ वर्ष पूरा भएको ऐतिहासिक अवसरमा आयोजित यस सम्मेलनको महत्वबारे प्रकाश पार्नुभएको थियो । साथै उहाँले प्रतिष्ठान अबस्था, प्रतिष्ठानले गर्दै आएको काम तथा भावी योजनाहरुका बारेमा स्पष्ट पार्नु भएको थियो । उहाँको मन्तव्यका प्रमुख बुँदाहरू यस प्रकार रहेका छन्:

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना ऐतिहासिक रूपमा राज्य संरचनामा देखिएको असमानता र बहिष्करणलाई सम्बोधन गर्ने उद्देश्यले गरिएको हो ।
- वि.सं. २०५८ सालमा ऐनमार्फत स्थापना भएको प्रतिष्ठानले आदिवासी जनजाति समुदायको पहिचान, अधिकार, सहभागिता र विकासका लागि संस्थागत रूपमा कार्य गर्दै आएको छ ।
- हालसम्म ६० आदिवासी जनजाति समुदायलाई औपचारिक रूपमा सूचीकृत गर्नु राज्यका लागि महत्वपूर्ण नीतिगत उपलब्धि हो ।
- प्रतिष्ठानले मातृभाषा शिक्षा, भाषा–संस्कृति संरक्षण, परम्परागत ज्ञान प्रणालीको अभिलेखीकरण, जीविकोपार्जन र आर्थिक सशक्तीकरण, अनुसन्धान तथा क्षमता विकासका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।
- नेपालको संविधानले अंगीकार गरेको समावेशी लोकतन्त्र, सामाजिक न्याय र बहुसांस्कृतिकताका मूल्यहरूलाई व्यवहारमा उतार्न प्रतिष्ठानले राज्य र आदिवासी समुदायबीच सेतुको रूपमा काम गर्दै आएको छ ।
- आदिवासी ज्ञान सम्मेलनले आदिवासी समुदायका मौलिक ज्ञान, सीप, अभ्यास र दर्शनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा उजागर गर्ने अवसर प्रदान गर्नेछ ।
- सम्मेलनमार्फत प्राज्ञिक बहस, नीति संवाद तथा अनुसन्धानमार्फत आदिवासी ज्ञानलाई विकास प्रक्रियासँग जोड्ने अपेक्षा गरिएको छ ।

४.१.२. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको मन्तव्यका मुख्य बुँदाहरू

उद्घाटन सत्रलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक विशेषताले सम्पन्न राष्ट्र भएको उल्लेख गर्दै विविधतामा आधारित राष्ट्रिय एकता नै नेपालको शक्ति भएको बताउनुभयो । उहाँका मन्तव्यका प्रमुख बुँदाहरू निम्नानुसार रहेका छन्:

- नेपाल विभिन्न जाति, भाषा, संस्कृति र धर्महरूको साझा फूलबारी भएकोले सबै समुदायलाई समान अवसर, समान पहुँच र सम्मान प्रदान गर्नु आवश्यक छ ।
- देशको दिगो विकास, सामाजिक न्याय तथा समृद्धिका लागि समावेशी शासन प्रणालीको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।
- आदिवासी जनजाति समुदायको सहभागिता, नेतृत्व विकास र राज्यका स्रोत–साधनमा पहुँच विस्तार गर्न राज्यले थप पहल गर्नुपर्ने आवश्यकता छ ।
- आदिवासी समुदायका भाषा, लिपि, संस्कृति, परम्परा तथा ज्ञान प्रणालीहरू नेपालको राष्ट्रिय पहिचानका महत्वपूर्ण आधार हुन् ।
- आदिवासी ज्ञान प्रणाली वातावरण संरक्षण, जैविक विविधता, कृषि प्रणाली, स्वास्थ्य तथा सामुदायिक सहअस्तित्वसँग गहिरो रूपमा सम्बन्धित रहेको छ ।
- सम्मेलनमार्फत आदिवासी ज्ञानको दस्तावेजीकरण, अन्तरपुस्ता हस्तान्तरण तथा नीति निर्माणसँग यसको सम्बन्ध स्थापित गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।
- यस सम्मेलनले आदिवासी ज्ञान प्रणालीलाई राष्ट्रिय विकास र दिगोपनसँग जोड्ने महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

४.१.३. मुख्य वक्ता प्रा. डा. महेन्द्र पी. लामाको मन्तव्यका मुख्य बुँदाहरू

उद्घाटन सत्रमा भारतको जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक प्रा. डा. महेन्द्र पी. लामाले मुख्य वक्ताको रुपमा आमन्त्रण गरिएको थियो । अन्तर्राष्ट्रिय रुपमा कहलिएका विद्वान लामाले "State of Indigenous Peoples around the World: What Nepal Can Learn and Unlearn from Indian Experience" विषयमा प्रवचन दिनु भएको थियो । उहाँले सम्बोधन गर्दै आदिवासी ज्ञान प्रणालीको विश्वव्यापी महत्वबारे प्रकाश पार्नुभएको थियो । उहाँका मन्तव्यका मुख्य बुँदाहरू निम्नानुसार रहेका छन्:

- आदिवासी समुदायमा पुस्तौंदेखि सञ्चित परम्परागत ज्ञान आजको जलवायु संकट र वातावरणीय असन्तुलनको सन्दर्भमा अत्यन्त सान्दर्भिक छ ।
- प्रकृति संरक्षण, जैविक विविधता, जलस्रोत व्यवस्थापन तथा औषधीय वनस्पतिसम्बन्धी आदिवासी ज्ञानलाई आधुनिक नीति तथा विकास प्रक्रियामा समावेश गर्न आवश्यक छ ।
- आर्थिक विकासका नाममा आदिवासी समुदायको भाषा, संस्कृति र पहिचान कमजोर पार्ने प्रवृत्तिप्रति सचेत रहनु आवश्यक छ ।
- विकास मोडल समावेशी, पहिचानमैत्री र सांस्कृतिक रूपमा संवेदनशील हुनुपर्छ ।

- हिमालय क्षेत्रका देशहरूबीच साझा सांस्कृतिक र आदिवासी सम्बन्ध रहेकोले सीमापार अनुसन्धान, ज्ञान आदानप्रदान तथा शैक्षिक सहकार्य विस्तार गर्न आवश्यक छ।
- आदिवासी युवाहरूलाई आधुनिक शिक्षा र प्रविधिसँग जोड्दै आफ्नै समुदायको ज्ञान प्रणालीको डिजिटल अभिलेखीकरण, अनुसन्धान र नवप्रवर्तनमा सक्रिय बनाउनु आवश्यक छ।
- विश्वविद्यालय, अनुसन्धान संस्था र सरकारबीच सहकार्य गरी आदिवासी ज्ञानलाई दिगो विकास, अर्थतन्त्र र सामाजिक विकाससँग जोड्नुपर्छ।

उहाँले निष्कर्षमा आदिवासी ज्ञान प्रणाली विगतको मात्र धरोहर नभई भविष्यको दिगो विकासको आधार भएको उल्लेख गर्दै यसको संरक्षण र संस्थागत मान्यताका लागि राज्य, शैक्षिक क्षेत्र र नागरिक समाजले संयुक्त रूपमा कार्य गर्नुपर्ने धारणा राख्नु भएको थियो।

४.१.४. सांस्कृतिक तथा सम्मान कार्यक्रमहरू

उद्घाटन सत्रमा सांस्कृतिक विविधतालाई प्रतिबिम्बित हुने गरी विविध सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती गरिएको थियो। साथै ऐतिहासिक आदिवासी व्यक्तित्वहरू शंखधर साख्वा, लखन थापा मगर, बंशु गुरुङ, पासाङ ल्हामु शेर्पा, भूमि शेरचन, राम प्रसाद राई, बाजहाङ आङ्बुहाङ र जंगविर तामाङ जस्ता व्यक्तित्वहरूलाई जीवनीमार्फत समर्पण गरियो। यो आदिवासी गौरवको रूपमा प्रस्तुत भएको गरिएको थियो। बोटे, छन्त्याल, मगर, गुरुङ, सुनुवार, राजवंशी र तामाङ समुदायका मौलिक सांस्कृतिक नृत्य तथा गीतहरू प्रस्तुत गरिएका थिए। यसले कार्यक्रमलाई जीवन्त बनाएको थियो।

प्रतिष्ठानका पूर्व उपाध्यक्षहरू जितपाल किरात, झक बहादुर थापा मगर, चन्द्र बहादुर गुरुङ र गोकुल घर्ती मगरलाई राष्ट्रपतिबाट ताम्रपत्रले सम्मानित गरिएको थियो। यो सम्मानले प्रतिष्ठानको २५ वर्षीय योगदानलाई स्मरण गऱ्यो। कार्यक्रममा नेपालकै एक मात्र आदिवासी घुमन्ते राउटे समुदायका चार जना युवायुवतीहरु आकर्षण बनेको थियो। थारू, थकाली, नेवारी, राई र शेर्पा समुदायका परम्परागत परिकारहरू प्रदर्शित तथा बिक्री गरिएको थियो। संयुक्त राष्ट्र संघीय कृषि तथा खाद्य संस्थाद्वारा आदिवासी खाना र कृषिसम्बन्धी स्टलहरू राखिएका थिए, जसले खाद्य सार्वभौमिकता तथा जैविक विविधतालाई उजागर गऱ्यो।

४.२. दोस्रो दिन (माघ २६ गते) : प्यानल छलफल तथा अनुभव आदान–प्रदान

रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव–२०८२ को दोस्रो दिन २०८२ माघ २६ गते विभिन्न विषयगत प्यानल छलफल, अनुभव आदान–प्रदान तथा नीतिगत बहसका कार्यक्रमहरू सम्पन्न भएका थिए। यस दिनको कार्यक्रम मुख्यतः आदिवासी जनजाति समुदायसँग सम्बन्धित स्वायत्तता, प्रथाजनित संस्था, लोकतन्त्र र समावेशी शासन, युवा पुस्ताको भूमिका, भूमि तथा प्राकृतिक स्रोत व्यवस्थापन जस्ता महत्वपूर्ण विषयहरूमा केन्द्रित रहेको थियो। विभिन्न क्षेत्रका विज्ञ, जनप्रतिनिधि, अनुसन्धानकर्ता तथा युवा अभियन्ताहरूको सहभागितामा आयोजित प्यानल छलफलहरूले आदिवासी ज्ञान, शासन प्रणाली तथा समकालीन राजनीतिक–सामाजिक सन्दर्भबारे महत्वपूर्ण विमर्श गरेका थिए।

(क) स्वायत्तता, सम्पदा र प्रथाजनित संस्था

यस सत्रको अध्यक्षता डा. बालकृष्ण माबुहाङले गर्नुभएको थियो। सत्रमा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, सुनछहरी गाउँपालिकाका अध्यक्ष धनबहादुर पुन मगर, बर्दियाको बरबर्दिया नगरपालिकाका पूर्व मेयर दुर्गाबहादुर थारू, सिक्किम (भारत) का महेन्द्र गुरुङ, काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोल तथा इलामको सन्दकपुर गाउँपालिकाका अध्यक्ष तुलाराम गुरुङले प्यानलिस्टका रूपमा सहभागिता जनाउनुभएको थियो।

सत्रको प्रारम्भमा अध्यक्ष माबुहाङले नेपालको संविधानमा स्वायत्तताको अवधारणा विभिन्न स्थानमा उल्लेख भए पनि त्यसको कार्यान्वयनमा अझै संकोच, डर तथा अस्पष्टता देखिएको उल्लेख गर्नुभयो। उहाँले संविधानको प्रस्तावनादेखि विभिन्न धारासम्म स्वायत्तताको विषय समेटिएको भए पनि व्यवहारमा संघीय शासन प्रणाली पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको र राज्य सञ्चालन अझै पनि एकात्मक ढाँचाको प्रभावमा रहेको धारणा व्यक्त गर्नुभयो। साथै, सांस्कृतिक सम्पदा संरक्षणका सन्दर्भमा विशेषगरी अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय समुदाय र आदिवासी जनजातिको भूमिका महत्वपूर्ण रहेको कुरा पनि उहाँले जोड दिनुभयो।

बरबर्दिया नगरपालिकाका पूर्व मेयर दुर्गाबहादुर थारूले थारू समुदायमा प्राचीनकालदेखि अभ्यास हुँदै आएको बडघर प्रणालीको बारेमा विस्तृत रूपमा प्रकाश पार्नुभयो। उहाँका अनुसार बडघर प्रणाली थारू समुदायको परम्परागत सामुदायिक शासन प्रणाली हो, जसले सामाजिक, सांस्कृतिक, आर्थिक तथा न्यायिक व्यवस्थापनको भूमिका निर्वाह गर्दै आएको छ। बडघर प्रणाली अन्तर्गत समुदायका सदस्यहरू सामूहिक रूपमा छलफल गरी नेतृत्व चयन गर्ने प्रजातान्त्रिक अभ्यास रहेको उहाँले उल्लेख गर्नुभयो। उहाँले बरबर्दिया नगरपालिकाले बडघर प्रणालीलाई कानुनी मान्यता दिन २०७७ सालमा बडघर ऐन पारित गरी कार्यान्वयनमा ल्याएको जानकारी दिनुभयो। हाल लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थारू बहुल २१ वटा स्थानीय तहले यस्तो ऐन जारी गरिसकेको उल्लेख गर्दै संघीय तथा प्रदेश सरकारले पनि प्रथाजनित संस्थाहरूको संरक्षणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले काठमाडौंलाई केवल प्रशासनिक राजधानी मात्र नभई सांस्कृतिक राजधानीका रूपमा पनि हेर्नुपर्ने धारणा राख्नुभयो। उहाँले नेवार समुदायको परम्परागत बस्ती संरचना, गुठी, खलः, पुचः जस्ता सामुदायिक संस्थाहरू तथा बहा–बही–चोक जस्ता परम्परागत सामाजिक संरचनाहरूले स्थानीय स्वायत्तता र सामुदायिक शासनको उदाहरण प्रस्तुत गर्ने बताउनुभयो। शहरीकरण, बसोबास परिवर्तन तथा गेन्ट्रीफिकेसनका कारण यस्ता प्रथाजनित अभ्यासहरू कमजोर हुँदै गएको उल्लेख गर्दै स्थानीय सरकारले मूर्त सम्पदासँगै अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा पनि ध्यान दिनुपर्ने बताउनुभयो। काठमाडौं महानगरपालिकाले गुठी तथा सांस्कृतिक संस्थाहरूलाई प्रोत्साहन, स्थानीय भाषा शिक्षाको प्रवर्द्धन तथा परम्परागत बस्ती संरक्षणका लागि विभिन्न नीतिगत पहल गरिरहेको जानकारी पनि उहाँले दिनुभयो।

सुनछहरी गाउँपालिकाका अध्यक्ष धनबहादुर पुन मगरले आफ्नो पालिकामा आदिवासी भाषिक तथा सांस्कृतिक अधिकार प्रवर्द्धनका लागि गरिएका पहलहरूबारे जानकारी दिनुभयो । उहाँले गाउँपालिकामा मगर खाम भाषालाई विद्यालय शिक्षामा समावेश गर्दै कक्षा १ देखि ५ सम्म मातृभाषामा पठनपाठन सञ्चालन गरिएको उल्लेख गर्नुभयो । स्थानीय सरकारको अधिकार प्रयोग गरी पाठ्यक्रम विकास गरिएको र आगामी वर्षहरूमा थप कक्षासम्म विस्तार गर्ने योजना रहेको बताउनुभयो । साथै, मगर संस्कृति, कला तथा परम्परागत ज्ञान संरक्षणका लागि सांस्कृतिक महोत्सव आयोजना, प्रज्ञा प्रतिष्ठान स्थापना गर्ने प्रयास तथा मगर पोशाकको प्रयोगलाई संस्थागत गर्ने पहल गरिएको जानकारी पनि दिनुभयो । उहाँले स्थानीय सरकारलाई प्राप्त अधिकारहरू व्यवहारमा कार्यान्वयन गर्न विभिन्न नीतिगत तथा प्रशासनिक अवरोधहरू रहेको पनि औंल्याउनुभयो ।

सिक्किम (भारत) बाट सहभागी महेन्द्र गुरुङले सिक्किम राज्यमा आदिवासी जनजाति समुदायको भाषा, संस्कृति तथा पहिचान संरक्षणका लागि गरिएका पहलहरूबारे जानकारी दिनुभयो । उहाँका अनुसार सिक्किम सरकारले गुरुङ लगायत विभिन्न समुदायका भाषाहरूलाई विद्यालय शिक्षामा समावेश गर्ने नीति अपनाएको छ । साथै, सरकारी कर्मचारी तथा सार्वजनिक क्षेत्रमा आ–आफ्नो जातीय पोशाक प्रयोग गर्न प्रोत्साहन गर्ने नीति लागू गरिएको पनि उहाँले उल्लेख गर्नुभयो । सिक्किम सरकारले विभिन्न समुदायका इतिहास, संस्कृति तथा ज्ञान संरक्षणका लागि अनुसन्धान केन्द्र तथा सांस्कृतिक संरचनाहरू निर्माण गरिरहेको जानकारी पनि उहाँले दिनुभयो ।

समग्रमा, यस सत्रमा प्रथाजनित संस्था, स्थानीय स्वायत्तता, भाषा तथा सांस्कृतिक सम्पदाको संरक्षण र स्थानीय सरकारको भूमिकाबारे महत्वपूर्ण अनुभव तथा विचारहरू प्रस्तुत भएका थिए ।

(ख) लोकतन्त्र, विविधता, समावेशीकरण र संघीयता

यस सत्रको अध्यक्षता आदिवासी अभियन्ता मल्ल के. सुन्दरले गर्नुभएको थियो । सत्रमा लेखक कैलास राई, राजनीतिशास्त्री प्रा. कृष्ण खनाल, पूर्व राजदूत पदम सुन्दास तथा मधेश प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष डा. सोहन साहले प्यानलिस्टका रूपमा विचार प्रस्तुत गर्नुभएको थियो ।

सत्रमा नेपालको लोकतान्त्रिक अभ्यास, विविधता व्यवस्थापन तथा संघीय शासन प्रणालीको कार्यान्वयनबारे गहन बहस भएको थियो। वक्ताहरूले नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा समावेशी लोकतन्त्रको अभ्यास अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । संघीयता केवल प्रशासनिक संरचना मात्र नभई सांस्कृतिक तथा पहिचानको मान्यता सुनिश्चित गर्ने राजनीतिक प्रणाली हुनुपर्ने धारणा पनि व्यक्त गरिएको थियो ।

(ग) युवा/जेन्जी र समसामयिक राजनीति

यस सत्रको अध्यक्षता प्रा.डा. सचिता प्याकुरेलले गर्नुभएको थियो । सत्रमा दीपक थापा, प्रकृति ढकाल, साङ्केन राई तथा युजन राजभण्डारीले समकालीन राजनीति र युवा पुस्ताको भूमिकाबारे विचार प्रस्तुत गर्नुभएको थियो ।

वक्ताहरूले नेपालको समकालीन राजनीतिक परिवेशमा युवा पुस्ताको सक्रिय सहभागिता बढ्दै गएको उल्लेख गर्दै विशेषगरी जेन्जी पुस्ताले लोकतन्त्र, पारदर्शिता तथा उत्तरदायित्वका विषयमा नयाँ राजनीतिक विमर्श अघि बढाइरहेको धारणा व्यक्त गर्नुभयो । सामाजिक सञ्जाल, डिजिटल प्रविधि तथा वैकल्पिक राजनीतिक अभियानमार्फत युवा पुस्ताले सार्वजनिक बहसलाई नयाँ दिशा दिएको पनि उल्लेख गरिएको थियो ।

(घ) भूमि, प्राकृतिक स्रोत र खाद्य संप्रभुता

यस सत्रको अध्यक्षता डा. जनक राईले गर्नुभएको थियो। प्यानलमा लेखक झलक सुवेदी, कृषिविज्ञ डा. मन्दीप राई, डा. सविन निङ्लेखु तथा डा. सुजाता तामाङले सहभागिता जनाउनुभएको थियो।

सत्रमा आदिवासी समुदायको जीवनशैली, संस्कृति तथा अर्थतन्त्र भूमि, वन तथा प्राकृतिक स्रोतसँग गहिरो रूपमा जोडिएको विषयमा छलफल भएको थियो। वक्ताहरूले प्राकृतिक स्रोत व्यवस्थापनमा आदिवासी ज्ञान प्रणालीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै खाद्य संप्रभुता, परम्परागत कृषि प्रणाली तथा जैविक विविधता संरक्षणका विषयमा राज्यले विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

समग्रमा दोस्रो दिनको प्यानल छलफलहरूले आदिवासी समुदायसँग सम्बन्धित शासन प्रणाली, सांस्कृतिक सम्पदा, भाषा संरक्षण, युवा सहभागिता तथा प्राकृतिक स्रोत व्यवस्थापनका विषयमा गहन विमर्श प्रस्तुत भएका थिए। विभिन्न स्थानीय सरकारका अनुभव, अन्तर्राष्ट्रिय उदाहरण तथा प्राज्ञिक विश्लेषणले आदिवासी ज्ञान प्रणालीलाई समकालीन नीति तथा विकास प्रक्रियासँग जोड्ने महत्वपूर्ण आधार प्रदान गरेको निष्कर्ष निकालिएको थियो। साथै, सम्मेलनले स्थानीय समुदायको ज्ञान, अनुभव तथा प्रथाजनित संस्थालाई सम्मान गर्दै समावेशी र दिगो विकासका लागि नीति निर्माणमा समेट्नुपर्ने आवश्यकता पनि औंल्याएको थियो।

४.३. तेस्रो दिन (माघ २७ गते) : समानन्तर प्राज्ञिक विमर्श सत्रहरु

नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको रजत जयन्तीको अवसरमा आयोजित यस तीन दिने सम्मेलनको तेस्रो दिनको पहिलो भागमा प्राज्ञिक विमर्श सत्रहरु आयोजना गरिएको थियो। यस दिनको मुख्य उद्देश्य पहिलो र दोस्रो दिनमा उठेका विषयहरूको निरन्तरता दिंदै आदिवासी परम्परागत ज्ञान, सीप र जीवनदर्शनलाई आधुनिक समयका चुनौतीहरू, विशेषगरी संस्कृति, जलवायु परिवर्तन, शिक्षा, स्वास्थ्य, अधिकार र विश्वदृष्टिकोणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानदाताहरुले गरेको अनुसन्धानमूलक पत्रहरुको प्रस्तुती तथा छलफल गरिएको थियो।

तेस्रो दिनको प्राज्ञिक विशर्म सत्र ५ वटा फरक-फरक हलहरूहरुमा समानान्तर रूपमा सञ्चालन गरिएको थियो। प्रत्येक हलमा बिहान ८:३० देखि दिउँसो १:३० बजेसम्म तीनवटा सत्रहरू गरी जम्मा १५ सत्रहरू अनुसन्धानमूलक प्रस्तुतीहरु गरिएको थियो। यस दिन ५०० भन्दा बढी स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता, विज्ञ, समुदायका ज्येष्ठ सदस्य र विशेषगरी युवा पुस्ताको उत्साहजनक सहभागिता रहेको थियो। सम्मेलनको यस चरणमा कूल ६६ अनुसन्धानात्मक कार्यपत्रहरू प्रस्तुतिहरू सम्पन्न भई बौद्धिक विमर्श गरिएको थियो।

यसमा जलवायु परिवर्तन र आदिवासी पारिस्थितिक प्रणाली, आदिवासी सिनेमाको विकास, लोकनायक तथा आदिवासी महिलाहरूको आर्थिक सुरक्षा र आत्मनिर्भरतालगायतका विषयमा छलफल भएको थियो। त्यसैगरी आदिवासी महिलाहरूको परम्परागत ज्ञान (जस्तै थारु ट्याटु संस्कृति), शिक्षामा आदिवासी समुदायको पहुँच र चुनौतीहरू, तथा स्वशासनका लागि परम्परागत संस्थाहरू (जस्तै गुठी, सेलमिलाप) को भूमिकाबारे विमर्श गरियो।

त्यस्तै आदिवासी कृषि प्रणाली, खाद्य सुरक्षा, भाषा संरक्षण (न्युवा, गुरुङ, राउटे), र दिगो विकासका लागि पारिस्थितिक पर्यटनको सम्भावनाबारे कार्यपत्रहरू प्रस्तुत भएका थिए। आदिवासी संस्कारमा निहित प्रतिरोधको राजनीति, अनुसन्धानको नैतिकता र आदिवासीहरूको विशिष्ट ज्ञान प्रणाली (मन्धुम, एथ्नोबोटनी) तथा विश्वदृष्टिकोणबारे गहिरो बहस भएको थियो। त्यस्तै इतिहास तथा सम्पदाको डिजिटलीकरण, परम्परागत उपचार पद्धति (फेरी, धामी), र भूमि अधिकारसम्बन्धी नीतिगत वकालतमा केन्द्रित रहेर छलफलहरू सञ्चालन भए।

तेस्रो दिनको यस प्राज्ञिक विमर्शबाट मुख्य निष्कर्षहरूलाई निम्न बुँदाहरूमा समेट्न सकिन्छ:

- **नीतिगत एकीकरण:** आदिवासी ज्ञानलाई केवल ऐतिहासिक सम्पदाका रूपमा नभई जलवायु परिवर्तन र दिगो विकासका लागि व्यावहारिक समाधानका रूपमा राज्यको नीतिमा समावेश गर्नुपर्ने।
- **युवा सहभागिता र प्रविधि:** परम्परागत ज्ञानको दस्तावेजीकरण र प्रवर्द्धनका लागि आधुनिक प्रविधि (एआइ र डिजिटलीकरण) को प्रयोगमा जोड दिइएको छ।
- **अधिकार र स्वशासन:** आदिवासी समुदायको भूमि, जल, जंगल र प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गर्न कानुनको आवश्यकता र समुदायमा आधारित स्वशासन प्रणालीको सुदृढीकरण।
- **अन्तरपुस्ता हस्तान्तरण:** आदिवासी संस्कृति, भाषा र परम्परागत ज्ञानलाई पुस्तान्तरण गर्न शैक्षिक पाठ्यक्रममा सुधार र सरोकारवालाहरूबीच निरन्तर संवादको खाँचो।

समग्रमा तेस्रो दिनका विमर्शहरुले आदिवासी ज्ञानको बौद्धिक आधारलाई थप बलियो बनाएका छन्। अनुसन्धानकर्ता, विज्ञ र समुदायका प्रतिनिधिहरूबीच भएको गहन अन्तरक्रियाले आगामी दिनमा नीति निर्माताहरूलाई ठोस सुझावहरू दिने बाटो प्रशस्त गरेको छ। यो दिनको प्राज्ञिक निष्कर्षले सम्मेलनको उद्देश्यलाई सार्थक तुल्याउँदै आदिवासी जनजातिहरूको सर्वांगीण उत्थानका लागि एउटा बलियो बौद्धिक मञ्च प्रदान गरेको छ।

४.४. नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव-२०८२ को समापन समारोह

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आयोजना गरेको रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव-२०८२ को औपचारिक समापन समारोह २०८२ माघ २७ गते काठमाडौंस्थित राष्ट्रिय सभागृहमा भव्य रूपमा सम्पन्न भयो। तीन दिनसम्म सञ्चालित यस सम्मेलनको प्राज्ञिक र सांस्कृतिक सत्रहरूको निष्कर्ष निकाल्दै भविष्यको मार्गचित्र कोर्ने उद्देश्यले समापन कार्यक्रम आयोजना गरिएको थियो।

सम्मेलनको समापन समारोहमा नेपाल सरकारका अर्थमन्त्री तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री रामेश्वरप्रसाद खनाल प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। समारोहमा प्रतिष्ठानका उपाध्यक्ष रेसम गुरुङ, थारू आयोगका कार्यवाहक अध्यक्ष, विभिन्न आदिवासी जनजाति महासंघका प्रतिनिधिहरू, देश-विदेशबाट आएका प्राज्ञिक व्यक्तित्वहरू र युवा प्रतिनिधिहरूको सक्रिय सहभागिता थियो।

प्रमुख अतिथि अर्थमन्त्री रामेश्वरप्रसाद खनालले आदिवासी ज्ञानलाई केवल सांस्कृतिक सम्पदाका रूपमा नभई 'आर्थिक सम्भावना' र 'दिगो विकासको आधार' का रूपमा लिनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले स्थानीय सीप र परम्परागत अभ्यासलाई उद्यमशीलता, पर्यटन र हरित अर्थतन्त्रसँग जोड्न सरकारले आर्थिक र नीतिगत सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले आफ्नो समापन मन्तव्यमा सम्मेलन ऐतिहासिक, सार्थक र उपलब्धिमूलक रहेको बताउनुभयो। उहाँले २५ वर्षको संस्थागत यात्राको समीक्षा गर्दै आदिवासी ज्ञानलाई नीति निर्माणको केन्द्रमा स्थापित गर्ने प्रतिबद्धता जनाउनुभयो। साथै, सम्मेलनमा प्रस्तुत ६६ वटा कार्यपत्रहरूलाई प्रकाशित गरी सरकारसमक्ष प्रतिवेदनका रूपमा पेश गर्ने र त्यसलाई नीति निर्माणमा उपयोग गरिने जानकारी दिनुभयो।

समापन समारोहलाई ज्ञानमूलक र सांस्कृतिक रूपमा जीवन्त बनाउन विभिन्न गतिविधिहरू समेटिएका थिए। सुनुवारको श्याँदर सिल-नृत्य, भोटेको स्याप्रो नृत्य, गुरुङको सोरठी, तामाङको डम्फु सेलो, राजवंशीको मौलिक नृत्य र मगरको कौराह नृत्यले कार्यक्रमलाई

सांस्कृतिमय बनाएको थियो। थारू, थकाली, नेवारी, राई र शेर्पा समुदायका मौलिक परिकारहरूको स्वाद लिनुका साथै कृषि सामग्री, पुस्तक र राउटे समुदायले निर्माण गरेका काठका सामग्रीलगायतका हस्तकलाको प्रदर्शनीले सम्मेलनलाई थप आकर्षक बनाएको थियो।

५. निष्कर्ष र सिफारिसहरु

नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा आयोजित तीन दिने "रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन/महोत्सव-२०८२" मा गरिएको गहन विमर्श, प्राज्ञिक बहस र अन्तरक्रियाका आधारमा निम्न निष्कर्ष तथा सिफारिसहरू गरिएको छ:

५.१. सम्मेलनका मुख्य निष्कर्षहरू

तीन दिनसम्म सञ्चालित सम्मेलनले आदिवासी जनजातिहरूको परम्परागत ज्ञान प्रणालीलाई केवल सांस्कृतिक सम्पदाको रूपमा मात्र नहेरी यसलाई समकालीन विश्वका जल्दाबल्दा समस्याहरूको समाधान गर्ने 'जीवित विज्ञान'का रूपमा स्थापित गरेको छ । मुख्य निष्कर्षहरू निम्न छन्:

- **ज्ञान प्रणालीको पुनर्जागरण:** आदिवासी ज्ञान, सीप, कला र जीवनदर्शन लोप हुने अवस्थामा पुगेकाले यसको तत्काल वैज्ञानिक दस्तावेजीकरण र डिजिटलीकरण आवश्यक रहेको निष्कर्ष निकालियो ।
- **दिगो विकास र जलवायु परिवर्तन:** आदिवासी जनजातिहरू प्रकृतिसँग नजिक रहेकाले उनीहरूको परम्परागत ज्ञान जलवायु परिवर्तनको सामना गर्न र वातावरणीय सन्तुलन कायम राख्न अपरिहार्य रहेको कुरामा सबै पक्ष एकमत भए ।
- **नीतिगत समावेशीकरणको अभाव:** संवैधानिक रूपमा अधिकार सुनिश्चित भए तापनि राज्यको नीति निर्माण तहमा आदिवासी ज्ञान प्रणालीको अर्थपूर्ण समावेशीकरण हुन नसकेको र यसलाई अब राष्ट्रिय विकासको मूल प्रवाहमा जोड्नुपर्ने आवश्यकता औँल्याइयो ।
- **अन्तरपुस्ता हस्तान्तरण:** परम्परागत ज्ञान पुस्तान्तरणको शृङ्खला टुट्दै गएकोले यसलाई आधुनिक प्रविधि र शिक्षा प्रणालीसँग जोड्दै युवा पुस्तामा हस्तान्तरण गर्नु मुख्य चुनौती र अवसर दुवै भएको निष्कर्ष निस्कियो ।
- **बौद्धिक सम्पत्तिको संरक्षण:** आदिवासी समुदायको परम्परागत ज्ञान र स्रोतहरूमा उनीहरूको सामूहिक स्वामित्व र बौद्धिक सम्पत्तिको अधिकार संरक्षणको सवाललाई प्राथमिकताका साथ उठाइयो ।

५.२. तीन दिने सम्मेलनका सिफारिसहरू

तीन दिनसम्म सञ्चालित आदिवासी ज्ञान सम्मेलनमा एउटा विशेष विज्ञ प्रवचन, नीतिनिर्माता, अभियन्ता तथा प्राज्ञिकबीचको चार वटा प्यानल छलफल तथा ६६ वटा अनुसन्धानमूलक कार्यपत्रहरूको प्रस्तुती तथा गहन विमर्शका आधारमा भविष्यका लागि निम्न सिफारिसहरू गरिएको छ:

४.२.१. नीतिगत तथा संस्थागत सिफारिसहरू

- **राष्ट्रिय नीतिमा समावेशीकरण:** आदिवासी ज्ञानलाई शिक्षा, स्वास्थ्य, कृषि, वातावरण र विकाससम्बन्धी सरकारी नीतिहरूमा एकीकृत रूपमा समेट्नुपर्ने ।
- **आदिवासी ज्ञान कोषको स्थापना:** आदिवासीहरूको भाषा, परम्परागत सीप र ज्ञानलाई सुरक्षित राख्न प्रतिष्ठानको नेतृत्वमा एउटा विशिष्ट 'राष्ट्रिय आदिवासी ज्ञान कोष' (National Indigenous Knowledge Repository) स्थापना गरिनुपर्ने ।

- **कानुनी संरक्षण:** आदिवासीहरूको परम्परागत ज्ञान र बौद्धिक सम्पत्तिको संरक्षणका लागि छुट्टै कानुनी व्यवस्था वा विद्यमान ऐनमा थप स्पष्टता ल्याउनुपर्ने।

४.२.२. अनुसन्धान र दस्तावेजीकरणसम्बन्धी सिफारिसहरू

- **कार्यपत्रहरुको प्रकाशन:** सम्मेलनमा प्रस्तुत भएका ६६ वटा कार्यपत्रहरूलाई प्राज्ञिक रूपमा सम्पादन गरी सार्वजनिक गर्नुपर्ने र यसलाई नीति निर्माणको आधार सामग्रीको रूपमा प्रयोग गर्नुपर्ने।
- **दिगो अनुसन्धानका लागि मञ्च:** यस्तो सम्मेलनलाई निश्चित समयको अन्तरालमा निरन्तरता दिँदै अनुसन्धानकर्ता, विज्ञ र आदिवासी समुदायबीचको संवादलाई जीवित राख्नुपर्ने।
- **डिजिटलीकरण:** आधुनिक प्रविधि (एआइ र डेटाबेस) को प्रयोग गरी आदिवासी भाषा र ज्ञानको दस्तावेजीकरण गर्नुपर्ने।

४.२.२. सामाजिक र व्यवहारिक सिफारिसहरू

- **शिक्षामा सुधार:** आदिवासी बालबालिकाहरूका लागि मातृभाषामा आधारित शिक्षा र परम्परागत ज्ञानमा आधारित पाठ्यक्रम निर्माण गरिनुपर्ने।
- **उद्यमशीलतासँग जोड्ने:** आदिवासीको परम्परागत ज्ञानमा आधारित कृषि, जडीबुटी र हस्तकलालाई आधुनिक उद्यमशीलता, पर्यटन र हरित अर्थतन्त्रसँग जोडेर आदिवासी समुदायको आर्थिक सशक्तीकरण गर्नुपर्ने।
- **युवा नेतृत्वको विकास:** आदिवासी युवालाई परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धनमा सक्रिय भूमिका दिँदै नेतृत्व तहमा पुऱ्याउनुपर्ने।

\

अनुसूचिहरु

अनुसूचि – १ : तस्बिरहरु

उद्घाटन सत्रका तस्विरहरु ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको रजत जयन्ती तथा आदिवासी ज्ञान महोत्सवमा सहभागी हुँदै फिरन्ते राउटे समुदायका युवायुवतीहरु।

जहवरलाल नेहरु विश्वविद्यालयका प्राध्यापक महेन्द्र पी लामा आफ्नो बिशेष प्रवचन पछि । माथी ।

दोस्रो दिनको प्यानल छलफलका सहभागीहरु । तल ।

प्यानल छलफलका सहभागीहरु । माथी ।

सांस्कृतिक कार्यक्रम देखाउँलै । तल ।

प्राज्ञिक विमर्शका झलकहरु ।

समापन समारोहमा अतिथिहरु ।

अनुसूचि – २: सम्माननीय राष्ट्रपति श्री राम चन्द्र पौडेलज्यूको सम्बोधनः

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको रजत जयन्तिको पवित्र अवसरमा आयोजित "रजत जयन्ति तथा नेपाल आदिवासी ज्ञान सम्मेलन÷महोत्सव–२०८२" को उद्घाटन गर्न पाउँदा मलाई अत्यन्तै खुशी र गौरवको अनुभूति भएको छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक राष्ट्र हो। हाम्रो राष्ट्रिय गानले व्यक्त गरेझैँ नेपाल सयौँ थुँगाका फूलहरू मिलेर बनेको सुन्दर फूलबारी हो। यस फूलबारीलाई अझ सुन्दर, समुन्नत र सन्तुलित बनाउन सबै जाति, भाषा, संस्कृति र समुदायको समान पहुँच, समान अवसर र समान सम्मान अपरिहार्य हुन्छ।

देशको दिगो विकास, समृद्धि र सामाजिक न्यायका लागि राजनीतिक स्थायित्व अत्यन्त आवश्यक छ। राजनीतिक स्थायित्व तब मात्र सम्भव हुन्छ, जब राज्यले सबै जाति तथा समुदायलाई विश्वासमा लिएर समावेशी शासन प्रणालीलाई व्यवहारमा उतार्दछ। यस सन्दर्भमा आदिवासी जनजाति समुदायको सहभागिता, पहुँच र नेतृत्व विकासलाई राज्यले थप सुदृढ गर्नुपर्ने आवश्यकता स्पष्ट छ।

यस परिप्रेक्ष्यमा देशको ठूलो जनसंख्या ओगटेको नेपालका आदिवासी जनजाति समुदायको विकास र उत्थानको लागि सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मार्फत ६० जातिलाई आदिवासी जनजातिको रूपमा सूचिकृत गर्दै समावेशी राज्य निर्माणको लागि कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। आदिवासी जनजाति समुदायको भाषा, लिपि, संस्कृति, परम्परा, मूल्य–मान्यता, ज्ञान प्रणाली र धार्मिक विश्वासहरू केवल सांस्कृतिक सम्पदा मात्र होइनन्, ती नेपालको राष्ट्रिय पहिचानका अमूल्य आधारहरू हुन्। तसर्थ यिनको संरक्षण, संवद्र्धन र समुचित विकासका लागि राज्यले नीतिगत, संस्थागत र संरचनागत रूपमा थप प्रभावकारी भूमिका निर्वाह गर्नु वाञ्छनीय छ।

आजको यो नेपाल आदिवासी ज्ञान सम्मेलन÷महोत्सव आदिवासी ज्ञान प्रणालीको दस्तावेजीकरण, अन्तरपुस्ता हस्तान्तरण, शैक्षिक तथा नीतिगत बहस, र दिगो विकाससँग यसको सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण मञ्च हो। आदिवासी ज्ञानले वातावरण संरक्षण, जैविक विविधता, सामुदायिक सहअस्तित्व, स्वास्थ्य, कृषि र सामाजिक न्यायका क्षेत्रमा महत्वपूर्ण योगदान पु¥याउँदै आएको तथ्य सर्वविदित छ।

यस सम्मेलनमार्फत आयोजित प्राज्ञिक प्यानल छलफलहरू, बौद्धिक बहसहरू र विषयगत प्रस्तुतीकरणहरूले नीति निर्माण तहसम्म उपयोगी सुझाव र निष्कर्षहरू प्रदान गर्ने विश्वास लिएको छु। विशेषगरी भारतबाट आमन्त्रित सम्माननीय मुख्य प्रवचक, जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक डा. महेन्द्र पी. लामाज्यू लगायत देश–विदेशका विद्वानहरूको सहभागिताले यस सम्मेलनलाई अन्तर्राष्ट्रिय स्तरमा समेत अर्थपूर्ण बनाएको छ।

"ज्ञानको आदान–प्रदान, धरोहरको संरक्षण, भविष्यको निर्माण" भन्ने मूल नाराका साथ प्रतिष्ठानले संचालन गरेको ज्ञान सम्मेलन देश कै लागि महत्वपूर्ण कार्यक्रम हो आदिवासी ज्ञान प्रणालीहरू केवल परम्परामा सीमित छैनन्। यी सांस्कृतिक पहिचान, वातावरणीय संरक्षण र दिगो विकासका आधारस्तम्भ हुन्। नेपालका ६० सूचीकृत आदिवासी जनजातिसँग सम्बन्धित परम्परागत ज्ञान, कृषि प्रणाली, कला, भाषा, विश्वदृष्टि तथा आध्यात्मिक अभ्याससम्म फैलिएको आदिवासी ज्ञान र बुद्धि एक जीवित राष्ट्रिय भण्डार हो, जसले हाम्रो समाजलाई सहअस्तित्व, सहिष्णुता र समृद्धितर्फ मार्गनिर्देशन गरिरहेको छ।

सम्मेलनका प्रमुख उद्देश्यहरूमा आदिवासी ज्ञान र अभ्यासको आदान–प्रदान, सांस्कृतिक विविधताको उत्सव, ज्ञानको दस्तावेजीकरण, पुस्तान्तरण र डिजिटलीकरणमार्फत संरक्षण, तथा स्थानीयदेखि विश्वव्यापी तहसम्म आदिवासी आवाजको सशक्तीकरण रहेका छन्। यसले नीति निर्माण र कार्यान्वयन तहमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास लिएको छु।

सम्मेलनमा आदिवासी जनजातिका सवालमा केन्द्रित १५ वटा विषयगत शीर्षकहरूमा ६६ वटा अनुसन्धानात्मक कार्यपत्र प्रस्तुत हुनु आफैंमा प्रशंसनीय उपलब्धि हो। यसले आदिवासी ज्ञानलाई बौद्धिक र नीतिगत बहसको मूलधारमा स्थापित गर्न महत्वपूर्ण योगदान पु¥याउने आशा गरेको छु।

साथै, २०८२ माघ २५ देखि २७ गतेसम्म आयोजना हुने सांस्कृतिक तथा खाना महोत्सवले आदिवासी पहिचानलाई जीवन्त रूपमा प्रस्तुत गर्नेछ। थारू, शेर्पा, थकाली, नेवारी र राई समुदायका परिकारहरू, तथा भोटे, छन्त्याल, मगर, गुरूङ, सुनुवार र तामाङ समुदायका मौलिक सांस्कृतिक प्रस्तुतिहरूले नेपाली समाजको विविधता र समृद्धिलाई उजागर गर्ने विश्वास लिएको छु।

अन्त्यमा, रजत जयन्तिको यस ऐतिहासिक अवसरले आदिवासी जनजाति समुदायको ज्ञान, संस्कृति र पहिचानलाई राष्ट्रिय विकासको मूल प्रवाहमा थप मजबुत रूपमा समाहित गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दछु। यस सम्मेलन÷महोत्सवको सफल आयोजनाका लागि आयोजक संस्थालाई धन्यवाद दिँदै, उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

अनुसूचि – ३: आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेसम गुरूङको मन्तव्य:

सम्माननीय प्रमुख अतिथि

नेपाल सरकारका सम्माननीय राष्ट्रपति

श्री रामचन्द्र पौडेलज्यू,

विशेष अतिथि

नेपाल सरकारका माननीय गृहमन्त्री, ओम प्रकास अर्यालज्यू,

नेपाल आदिवासी जनजाति महासंघका अध्यक्षज्यू

कुटनीतिक नियोगका प्रतिनिधिज्यूहरू,

विकास साझेदार संस्थाका प्रतिनिधिज्यूहरू

प्रतिष्ठित अतिथि महानुभावहरू,

आदरणीय विद्वान, विज्ञ, प्रतिनिधि तथा सञ्चारकर्मी मित्रहरू,

एवं उपस्थित सम्पूर्ण महानुभावहरू,

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट यहाँहरू सबैलाई प्रतिष्ठानको रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन÷महोत्सव–२०८२ (माघ २५–२७) को यस ऐतिहासिक उद्घाटन समारोहमा हार्दिक स्वागत तथा उच्च सम्मान व्यक्त गर्दछु।

आजको यस गौरवपूर्ण अवसरमा, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना भएको २५ वर्ष पुगेको उपलक्ष्यमा, प्रमुख अतिथिको रूपमा उपस्थित भई सम्मेलन÷महोत्सवको उद्घाटन गर्न तथा शुभकामना मन्तव्य प्रदान गर्न हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गर्नु भएकोमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूप्रति प्रतिष्ठान परिवार तथा समग्र आदिवासी जनजातिहरूको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन

गर्दछु।

साथै विशेष अतिथिका रूपमा उपस्थित रहनु भएका माननीय गृहमन्त्रीज्यू तथा अतिथिगण, प्राज्ञिक व्यक्तित्वहरू उपस्थित सम्पूर्ण महानुभावहरूप्रति समेत हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

आदरणीय महानुभावज्यूहरू,

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना कुनै संयोग वा सामान्य प्रशासनिक आवश्यकता होइन । यो प्रतिष्ठान इतिहासदेखि राज्य संरचनाभित्र भएका संरचनागत विभेद, बहिष्करण र कानुनी–नीतिगत उत्पीडनका कारण आदिवासी जनजाति समुदायले भोग्नुपरेको असमानताको क्षतिपूर्तिका रूपमा लोकतान्त्रिक राज्यले गरेको एउटा सचेत र आवश्यक उपज हो।

लामो समयसम्म राज्यका नीति, शासन प्रणाली र विकास प्रक्रियाबाट वञ्चित पारिएका आदिवासी जनजातिहरूको पहिचान, अधिकार, सहभागिता र पहुँच सुनिश्चित गर्न, लोकतन्त्रमा उनीहरूको समान हैसियत स्थापित गर्न, तथा देशप्रति अपनत्ववोध गराउँदै विकास र समृद्धिको मार्गमा जोड्न विशेष संस्थागत व्यवस्था अपरिहार्य भएको सन्दर्भमा वि.सं. २०५८ सालमा ऐनमार्फत राज्यले प्रतिष्ठान स्थापना गरेको हो।

को हुन् नेपालको आदिवासी जनजाति ? कस्तो समुदायलाई आदिवासी जनजाति भनिन्छ ? भन्ने विषयलाई प्रतिष्ठान ऐनले स्पष्ट गरेको छ। आदिवासी जनजातिको परिभाषा स्पष्ट गर्दै हालसम्म ६० वटा आदिवासी जनजाति समुदायलाई औपचारिक रूपमा सूचीकृत गर्नु प्रतिष्ठान वा राज्यको लागि ऐतिहासिक र नीतिगत उपलब्धि हो। जसले उनीहरूको पहिचानलाई राज्यस्तरमा संस्थागत मान्यता दिएको छ। उनीहरूको विकास, उत्थान, संरक्षण र प्रवद्र्धनका लागि प्रतिष्ठानले २५ वर्षदेखि कार्य गर्दै आएको छ।

यसका लागि प्रतिष्ठानले मातृभाषा शिक्षा, जीविकोपार्जन, आर्थिक सशक्तीकरण, भाषा–संस्कृति, परम्परागत ज्ञान प्रणाली, सीप र अभ्यासको संरक्षण तथा प्रवद्र्धन, अनुसन्धान र अभिलेखीकरण, क्षमता विकास तथा नीतिगत सुधारका पहलहरूमार्फत आदिवासी जनजाति समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान पु¥याउँदै आएको छ।

आदरणीय महानुभावज्यूहरू,

नेपालको संविधानले आत्मसात् गरेको समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्याय र बहुसांस्कृतिकताका मूल्यहरू व्यवहारमा उतार्न प्रतिष्ठानले सेतुको भूमिका निर्वाह गर्दै आएको छ। आदिवासी जनजातिहरूका सवाल, सरोकार र आवाज राज्यका नीति, योजना तथा कार्यक्रमहरूमा प्रभावकारी रूपमा समावेश होऊन् भन्ने उद्देश्यका साथ प्रतिष्ठान निरन्तर क्रियाशील रहेको छ।

यस सन्दर्भमा, नेपालले पक्ष राष्ट्रका रूपमा स्वीकार गरेका संयुक्त राष्ट्रसंघीय आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, घोषणापत्र तथा प्रतिबद्धताहरूको अर्थपूर्ण कार्यान्वयन प्रतिष्ठानको कार्यदिशाको केन्द्रमा रहेको छ। यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू केवल कागजी दस्तावेजमा सीमित नरही, नीति, कार्यक्रम, बजेट र व्यवहारमा रूपान्तरण हुनु नै समावेशी लोकतन्त्रको वास्तविक परीक्षण हो भन्ने मान्यतासहित प्रतिष्ठानले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ।

हाल आदिवासी जनजाति आयोगको व्यवस्था हुनु सकारात्मक उपलब्धि हो। आयोगमार्फत संवैधानिक अनुगमन, सिफारिस र अधिकार संरक्षणको कार्यरहरू भइरहेका छन्। अर्कोतिर प्रतिष्ठानले नीति कार्यान्वयनको सहजीकरण, कार्यक्रम सञ्चालन, अनुसन्धान, क्षमता विकास, ज्ञान अभिलेखीकरण तथा समुदायस्तरमा प्रत्यक्ष विकास र सशक्तीकरण लगायतका कार्यकारी भूमिकाको कार्यहरू गर्दै आइरहेको छ। यस अर्थमा आयोग र प्रतिष्ठान एक–अर्काका पूरक र परस्पर सहयोगी संरचना हुन्। आदिवासी जनजातिको विकास, उत्थान, संरक्षण, प्रवद्र्धन र समान सहभागिता सुनिश्चित गर्न आयोगको संवैधानिक भूमिकासँगै प्रतिष्ठानको संस्थागत, प्राविधिक र कार्यक्रमगत उपस्थिति अझै अपरिहार्य रहेको स्पष्ट हुन्छ।

आजको यो रजत जयन्ती केवल विगत २५ वर्षको समीक्षा मात्र होइन, आदिवासी ज्ञान प्रणालीको सम्मान, संरक्षण र भावी पुस्तामा हस्तान्तरण गर्दै दिगो, न्यायपूर्ण र समावेशी विकासको मार्ग प्रशस्त गर्ने संकल्प पनि हो। यसलाई पुनः पुष्टि गर्ने अवसरको रूपमा लिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

यो नेपाल आदिवासी ज्ञान सम्मेलन÷महोत्सव–२०८२ ले आदिवासी जनजातिका मौलिक ज्ञान, सीप, अभ्यास र दर्शनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा उजागर गर्दै, नीति निर्माण, बौद्धिक विमर्श र विकास प्रक्रियामा नयाँ दृष्टिकोण प्रदान गर्ने विश्वास लिएको छु।

अन्त्यमा, प्रतिष्ठानको रजत जयन्ती तथा नेपाल आदिवासी ज्ञान सम्मेलन÷महोत्सव–२०८२ को यस ऐतिहासिक उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित भई कार्यक्रमको गरिमा अभिवृद्धि गर्नु भएकोमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूप्रति हार्दिक धन्यवाद तथा उच्च सम्मान व्यक्त

गर्दछु ।

त्यसैगरी विशेष अतिथिका रूपमा उपस्थित भई कार्यक्रमलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नु भएकोमा माननीय गृहमन्त्रीज्यूप्रति समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै, यस सम्मेलन तथा महोत्सवलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पु¥याउनु हुने सम्पूर्ण संघ–संस्था, विद्वान, विज्ञ, कलाकार, स्वयंसेवक तथा सञ्चारकर्मी मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यहाँहरू सबैको सक्रिय सहभागिताले यो रजत जयन्ति, सम्मेलन÷महोत्सव उद्देश्यपूर्ण, प्रभावकारी र स्मरणीय बन्ने दृढ विश्वास व्यक्त गर्दै, मेरो स्वागत मन्तव्य यहीँ समाप्त गर्दछु । धन्यबाद ।

जय आदिवासी जनजाति ।

जय समावेशी नेपाल ।

अनुसूचि ४: अनुसूचि – प्यानल छलफलका सहभागीहरु

क. स्वायत्तता, सम्पदा र प्रथाजनित संस्था

अध्यक्षः बालकृष्ण माबुहाङ

१. श्री धन बहादुर पुन मगर, अध्यक्ष, सुनचरी गाउँपालिका

२. श्री दुर्गा थारू, पुर्व मेयर, बरबर्दिया नगरपालिका, बर्दिया

३. श्री महेन्द्र गुरूङ, रिन्छेपुङ सभा, सिक्किम, भारत

४. श्री सुनिता डंगोल, कार्यवाहक मेयर, काठमाडौं महानगरपालिका

५. श्री तुलाराम गुरूङ, अध्यक्ष, सन्दकपुर गाउँपालिका, इलाम

ख. लोकतन्त्र, विविधता, समावेशीकरण र संघीयता

अध्यक्षता: मल्ल के सुन्दर

१. कैलास राई, लेखक

२. प्रा. कृष्ण खनाल, राजनीतिशास्त्री

३. पदम सुन्दास, पुर्व राजदुत

४. डा. सोहन साह, पुर्व उपाध्यक्ष, मधेस प्रदेश, योजना आयोग

ग. युवा – जेन्जी र समसामयिक राजनीति

अध्यक्षः प्रा.डा. सचिता प्याकुरेल, राजनीतिशास्त्री

१. दिपक थापा

२. प्रकृति ढकाल, अध्येता

३. साङ्केन राई, जेन्जी अभियन्ता

४. युजन राजभण्डारी, जेन्जी अभियन्ता

घ. भूमि, प्राकृतिक स्रोत र खाद्य संप्रभुता

अध्यक्षः डा. जनक राई

१. झलक सुवेदी, लेखक

२. डा. मन्दीप राई, कृषिविज्ञ

३. डा. सुजाता तामाङ

अनुसूचि – ५; प्राज्ञिक विमर्शको कार्यक्रम तालिका

Government of Nepal

National Foundation for Development of Indigenous Nationalities (NFDIN)
Silver Jubilee and Nepal Indigenous Knowledge Conference/Festival-2026
Rastriya Sabha Grihya, Kathmandu, Nepal

"Sharing Knowledge, Preserving Heritage, Shaping Future"

Day 3 – February 10, Tuesday (2082 Magh 27) SEMINAR SCHEDULE

Hall–A राष्ट्रिय सभागृह		
Session-I **8:30-10:00**	**Session-II** **10:15-11:45**	**Session-III** **12:-1:30**
जलवायु परिवंतन र आदिवासी ज्ञान	**आदिवासी सिनेमा, लोकगाथा र सौन्दर्यशास्त्र**	**आदिवासी महिलाको अवस्था र अनुभव**
Chair: Dr. Ganesh Yonjan	Chair: Nabin Subba	Chair: Dr. Sumaya Rai
Indigenous Knowledge in building climate resilience in Nepal - Sushila Thapa	Nepalese Cinema based on Indigenous language and Culture - Yubraj Maski	'ज्होजो' (पेवा) प्रणाली: तामाङ महिलाको भविष्यको आर्थिक सुरक्षा र आत्मनिर्भरता - मायालु तामाङ
Preserving the Jungle through Indigenous Knowledge system: A Study of the Chepang - Dr. Rishiram Adhikari	Papani folk theatre: An ethnographic study in Magar Community of Rukum West - Praveen Puma	Indigenous Danuwar Community: customary institutions, knowledge, and indigenous women's experience Gender Based Violence - Heema Rai
Exploring the significance of Paha in Yakthung community - Bivek Gautam	**आदिवासी सौन्दर्यशास्त्रको कसीमा लोकगीतिनाटक जीवैमामा – डा. मिन श्रीस**	**मगर संस्कृतिमा मगर महिलाको हैसियत, डा. विष्णुकुमार सिङ्जाली**
Local understandings of Climate Change from Governance and Indigenous Ecology among the Wambule Rai -Shubha Karna Rai		Indigenous Peoples Rights, and Resilient Food Systems: FAO's Engagements and Community-Led Interventions in Nepal - Sushila Thapa

Organizer : NFDIN, Collaboration with Kathmandu Metropolis, FAO, WWF

5

Day 3 – February 10, Tuesday (2082 Magh 27) SEMINAR SCHEDULE

Hall–B नेपाल पर्यटन बोर्ड		
Session-I **8:30-10:00**	**Session-II** **10:15-11:45**	**Session-III** **12:-1:30**
आदिवासी महिला र परम्परा	आदिवासी सिकाइ र शिक्षाका चुनौतिहरु	परम्परागत संस्थाहरू र स्वशासन पद्धति
Chair: Dr. Chunda Bajracharya	Chair: Prof. Chitra Bahadur Budhathoki	Chair: Dr. Pasang Sherpa
किरात राई महिलामा प्रचलित मौलिक गरगहना - सरिता राई	Participation of the Gurung Community in Higher Education across Various Educational Institutions in Dharan - Kishor Gurung	नेपालमा थारु प्रथाजन्य संस्थाको अवस्था, अवसर र चुनौतीहरु - एक राज चौधरी
Tika Chhedna: Exploring the Symbolism, Practice, and Decline of Tharu Tattoo Culture - Indu Tharu	Community Social Support Practices Contributing into Quality Education in Solukhumbu District - Nirmal Chongbang	Local Institutions as an agency in maintaining territorial and land sovereignty among the Mountain Indigenous Community of Manang-Ngisyang Valley - Dipendra Lama
Indigenous Knowledge in Practice: A Case Study of Chepang Women - Bhola Bhattarai	Indigenous Knowledge as the Foundation of Indigenous Rights: Epistemological and Educational Dimensions in Kirat Rai Cosmology - Kausila Rai	An Ethnographic Study of Madukar Newar's Mila Guthi: Its Customary and Reciprocal - Austa k. Shrestha
Inks the Newa: Women Carry: Re-tracing La Choeugu -Akina Singh Suwal	Challenges faced by Tamang students in learning English - Dhawa Lama	तुम्याङः मेलमिलाप पद्धतिः लिम्बु समुदायमा प्रथाजनित मेलमिलाप पद्धति - कालिबहादुर साम्यु लिम्बु
Knowledge and Perception of Sexuality Education among School Adolescent Girls - Ruth Tamang	घुमन्ते-फिरन्ते राउटे समुदायको वर्तमान अवस्था अध्ययन प्रतिवेदन-२०८२ -किरण कुमार बराम, राष्ट्रिय मानव अधिकार आयोग	Indigenous epistemology on ethical leadership: Testimonies of Thakali community of Mustang - Bipin sherchan

Day 3 – February 10, Tuesday (2082 Magh 27) SEMINAR SCHEDULE

Hall–C महेन्द्र पुलिस क्लब, मिनि हल		
Session-I **8:30-10:00**	**Session-II** **10:15-11:45**	**Session-III** **12:-1:30**
आदिवासी कृषि तथा वातावरणीय ज्ञान	मातृभाषाहरुको प्रवर्द्धन र संरक्षण	विकास र भेदभाव
Dr. Ghanshyam Gurung	Dr. Taramani Rai	Bishnudatta Angbuhang
Indigenous Food Resilience Amidst Climate Crisis: Study of the Yamphu Community in East Nepal - Lina Gurung, Maya Magarati, Indra Mani Rai	Preservation and Revitalization of Dwalka Newar Language: Challenges and Strategies in Dolakha, Nepal - Anita Shrestha	Biocultural Diversity and Ecotourism Potential of Mundhum Trekking Trail in East Nepal -Achyut Tiwari
Comparative Performance of Indicator Species Survival and Protected Area Governance: Strict Protection Versus Indigenous Customary Practices in Nepal - Dr. Kamal Thapa	The significance of Khema Script (script of Gurung mother tongue-Tamu Kyui) in the Gurung Community - Dhan Man Gurung	Guardians of Indigenous Knowledge: An Ethnographic Study of Chepang Trapping Practices in Nepal - Biswash Chepang
Agro-ecological Practices in Chepang: a live practice for balancing biological diversity -Laxmi Gurung	Sherpa Language Research in Nepal -Kishor Sherpa	The Pote-Maker Muslims of Bhaktapur: A legacy of Existence and Marginalization - Niraj Lowaju
Indigenous and Local Knowledge on Flood Preparedness and Resilience: A Study of Tharu Riverbank Community, Dhangadhi - Anjali Limbu Lawati	Verbs in Marek-Yakkha: A Morphological Study - Kusum Shrestha	राज्यले भरिया/पिपा बनाइएका तामाङका कथा-व्यथा - निष्णु थिङ
Indigenous Agricultural Knowledge and Its Role in Sustainable Soil and Climate Resilient Agriculture in Nepal -Smriti Limbu	Environmental Adaptation of the magar community: A case study of Syangia district. – Dr. Laxmi Thapa	
Indigenous and Traditional Knowledge in Agriculture - Tek Bahadur Gharti		

Organizer : NFDIN, Collaboration with Kathmandu Metropolis, FAO, WWF

Day 3 – February 10, Tuesday (2082 Magh 27) SEMINAR SCHEDULE

Hall–D महेन्द्र पुलिस हेल्थ क्लब, मिनि हल		
Session-I **8:30-10:00**	**Session-II** **10:15-11:45**	**Session-III** **12:-1:30**
आदिवासी संस्कारमा प्रतिरोध र सामूहिकता	आदिवासी जनजातिहरूसँग अनुसन्धान र नीतिमा पुनर्विचार	आदिवासी ज्ञानविज्ञान र विश्वदृष्टिकोण
Chair: Dr. Bhakta Rai	Chair: Jitpal Kirat	Chair: Dr. Som Dhimal
Silent Resistance: The Tõ-Thẽ Ritual of the Tanche Gurung Community in Manang - Khim Ghale	Indigenous Knowledge Retrieval and Validation in Various Countries of the World: Lessons for the Indigenous Peoples of Nepal - Dr. Tek Bahadur Gurung	Exploring an Indigenous way of knowing on Syaai Syaai Ritual and Ethnobotany of Gurung Community - Nita Gurung
बाग्लङ भकुण्डेका मगरको गांऊ पुजाः एक साँस्कृतिक अध्ययन - याम बहादुर थापा मगर	Mobility as World-Making: Examining Nepal's Raute Nomads through a Post-Qualitative and Cultural Policy Framework - Dr. Lal Bdr Pun	The Yakthung Mundhum Knowledge System: Philosophical Foundations - BM Yongya
The rational Significance of paddy and its production in the wedding ritual of oraon community - Bechan Urao	Employee Empowerment and its impact on Organizational Commitment: The Study in the Municipalities in Kathmandu Valley - Sunil Maka	लिब्जु पहाड : वाम्बुले राई सांस्कृतिक विश्वास - गणेश राई
Antropological Study of the Gurung death ritual (pai) in Kaski, Nepal. – Sujita Gurung	Ethical Considerations for Conducting Indigenous Research: A Case from Nepal - Deepakraj Rai	Outstanding Indigenous Knowledge Systems of the Newars - Jinesh Sindurakar
Welcoming Guests TangTing Village, Nepal. –Jit Gurung	Animistic Practices of Magers: An Ethnographic study of Agodeu puja in Myagdi District. – Lal Kumari Roka	Epistemic Linking and Delinking in Tamang -RK Tamang जटिल विरोधाभाष - टेक लावती

Day 3 – February 10, Tuesday (2082 Magh 27) SEMINAR SCHEDULE

Hall–E महेन्द्र पुलिस हेल्थ क्लब, मिनि हल		
Session-I **8:30-10:00**	**Session-II** **10:15-11:45**	**Session-III** **12:-1:30**
आदिवासी इतिहास र सम्पदाको खोज	आदिवासी उपचार विधि र साहित्यिक प्रतिनिधित्व	आदिवासी जनजातिको अधिकारको संरक्षण
Chair: Prof. Dr. Prem Kumar Khatry, Tribhuvan University	Chair: Prof. Dr. Yogendra Gurung	Chair: Subodhsing Tharu, Tharu Commission
Metadata and Content Digitization: Utilize AI Toolsfor Curating Cultural Heritage - Aradhana Ale	Indigenous Knowledge System of Pheri Culture of Phree - Spiritual Healing Practices Making of Medical Pluralism - Krishna Yogi	Political ecology of river-water. The case of the Rai people in Sawa Village in eastern hills of Nepal - Jailab Rai
नेपालमा भुजेल जातिका स्थलनामहरू -बिष्णु घर्ति	Nepali literature & Ethnicity: A Study in the Mode of Representation - Hit Thapa	प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीमा आदिवासी जनजातिको अधिकार - कुमार यात्रु
Kahampa: A Route of Origin in Thakali of Thaasang -Chhan B. Bhattachan	Subalternity, Writing, and Agency: Role of Intellectuals and Literature on Making Tharu Identity -Mohan Dangaura	The Necessity of Indigenous Peoples' Rights and Institutions Act in Nepal - Prem Prasad Limbu
Chaku can be the first man made confection - Dipendra Shrestha	Mundum System of Medicine: An Indigenous Perspective - Parshu Birat Rai	बनकरिया आदिवासी समुदायको भूमि अधिकार: कानुन, नीति प्रभाव, समस्या र समाधान - इन्दिरा श्रीस मगर
Stone Inscriptions the indigenous knowledge - Sharmila Maharjan	Becoming a Dhami: From Suffering to Healing Others - Rajya Laxmi Gurung	

अनुसूचि – ६: आदिवासी गौरवहरु

१. सिकारी सरदार वंशु गुरुङ

वि.सं. १८२४ कुरा हो। कहिल्यै घाम नअस्ताउने उपमा पाएका बेलायती साम्राज्यको बक्रदृष्टी नेपालमाथि परेको थियो। अंग्रेजी फौज क्याप्टेन किनलोकको नेतृत्वमा करिब २४०० सैनिक लिएर नवराज्य नेपाललाई कब्जा गर्ने उद्देश्यका साथ निस्किएका थिए।

तत्कालिन इष्ट इण्डियाबाट नेपालको तराई भूमि हुँदै पहा ड चढ्दै गरेको अंग्रेज फौजमाथि पौवागढी नजिकैको घना जङ्गलमा लुकेर बसेको नेपाली फौजले छापामार शैलीमा आक्रमण गर्यो। चलाखीपूर्वक अरिंगालको गोलामा बाण हानेर अरिंगाल बिच्काएपछि अंग्रेज सैनिकहरू तितरबितर भए। गोर्खालीको सैनिकको प्रहार, अरिंगालको टोकाइ र सिस्नोको पोलाइका कारण अंग्रेज फौज नराम्ररी पराजित भयो। उक्त युद्धमा करिब १६ सय अंग्रेज सैनिक मारिए।

त्यही युद्धले इष्ट इण्डिया कम्पनीबाट नेपाललाई स्वाधिन राख्न सक्षम बनायो। ऐतिहासिक सिन्धुलीगढी युद्धका नामबाट चर्चित यो लडाईको नेतृत्व आदिवासी गुरुङ कुलमा जन्मेका एक जना सिकारी सरदारले गरेका थिए। लमजुङको कोने नासामा जन्मेर तनहुँको ढोर जसपुरमा सरेका उनी धनुषवाण चलाउन अत्यन्तै निपुण थिए। उनको त्यही विशेष कौशलका कारण उनलाई तत्कालिन समयमा अंग्रेज फौजविरुद्धको लडाइँका लागि सिन्धुलीगढीमा खटाइएका थिए।

अत्याधुनिक हतियारले सुसज्जित विश्वभर साम्राज्य विस्तार गरिरहेको अजेय मानिएको बेलायती फौजलाई परास्त गरेका उनलाई आदरका साथ 'नेपाल बचाउने बाजे' भनेर पनि चिनिने गरेको छ। मुलुकको अस्तित्व जोगाएका नेपाली गौरव थिए, आदिवासी गौरव - बंशु गुरुङ।

२. बाजहाङ आङ्बुहाङ

त्यसबेला मुलुकका विभिन्न राणाहरुले तोकेको वडाहकिमहरुको ज्यादति र अन्याय अचाक्लि थियो। वडाहकिमको क्रुरता र ज्यादतिबाट सुदूर पूर्वका आदिवासी याक्थुङ (लिम्बु) हरु पनि अछुतो रहने कुरा भएन। धनकुटाको बडाहाकिमहरूले जनताका सम्पत्ति मात्र जफत गरेनन्, याक्थुमहरुको भाषा, लिपि, भूमि अधिकारसँग सम्बन्धित स्याहमोहर, लालमोहर र सनदहरूलगायतका ऐतिहासिक कागजातहरू पनि नष्ट गरे।

यही क्रममा बडाहकिमले वि.सं. १९५१ मा याक्थुङहरुको पुर्ख्यौली भूमि किपटलाई रैकरमा बदलेर हड्प्ने षडयन्त्रका साथ नयाँ अमिनी खोल्ने तयारी सुरु गरे।

वडाहकिमको अत्याचार बढ्दै गएपछि लिम्बुवानी भूमिका त्यसको विरुद्ध विद्रोहको विगुल फुकियो, त्यसको नेतृत्व गरे एक जना याक्थुम युवाले।

वि.सं. १९११ मा जन्मेका तीक्ष्ण बुद्धि, अद्भुत शारीरिक क्षमता र निर्भीक स्वभावका ती युवासँग घोडासँगै दौडिने, जनावर र चराचुरुंगीको भाषा बुझ्ने र प्राकृतिक विपत्तिको पूर्वानुमान गर्न सक्ने शक्ति छ भन्ने जनविश्वास थियो।

उनैको अगुवाइमा नयाँ अमिनी खोल्ने षड्यन्त्रविरुद्ध चाङ्यामा १४ जिम्माका सुब्बाहरूको बैठक आयोजना गरियो। लिम्बुवानभित्र राणा शासनको विरुद्धमा अगुवाइ गरिरहेका ती युवाको विरुद्ध झूटा आरोपहरु लगाएर मृत्युदण्ड माग गरियो। राणाको फौजले पक्रेर उनलाई ४१ वर्षको उमेरमा ताप्लेजुङको फुङलिङमा फाँसी दिइयो। याक्थुङहरुको भूमि अधिकार र न्यायको लागि राणा शासनको विरुद्धमा विद्रोहको आगो फुक्ने ती सहासी युवा थिए, आदिवासी गौरव, बाजहाङ आङ्बुहाङ।

३. जननायक रामप्रसाद राई

तत्कालीन नेपाली समाजमा व्याप्त जातीय असमानता, राणा शासनको कठोर दमन र प्रशासनिक अन्यायको बिरुद्धमा पूर्वी नेपालमा उनी जागरणका सुत्रधार हुन्। हालको भोजपुर जिल्लामा पर्ने बासिखोरमा जन्मिएका उनले पूर्वी नेपालका युवा, किसान र श्रमिकहरूलाई राणा शासनविरुद्ध गोलबन्द गरे। अनि भोजपुर क्षेत्रबाट २००७ सालमा सुरु भएको राणाबिरोधी सशस्त्र संघर्षको नेतृत्व गरे।

उनी एक कुशल सङ्गठनकर्ता र सैन्य रणनीतिकार पनि थिए, जसले विभिन्न ठाउँमा रहेका मुक्ति सेनाहरूलाई एकीकृत गर्दै पूर्वमा मात्र होइन काठमाडौँको सिंहदरबार लक्षित सैनिक आक्रमणको रणनीति समेत तयार पार्न महत्वपूर्ण भूमिका खेलेका थिए।

उनी सत्ता र पदको प्रलोभनभन्दा माथि उठेर देशमा प्रजातन्त्र र सामाजिक न्यायका लागि आफ्नो जीवन आहुति दिन तयार भए।

उनको राजनीतिक यात्रामा गिरफ्तारी, जेल र कठोर दमनका शृङ्खलाहरू आए तापनि उनले आफ्नो अडान कहिल्यै त्यागेनन्। उनलाई तत्कालीन सरकारले साम्प्रदायिक भावना फैलाएको आरोप लगाए तापनि उनको मूल उद्देश्य लोकतन्त्र र जनअधिकार नै थियो। उनको सङ्घर्ष सधैँ समावेशी राष्ट्रिय एकताको पक्षमा केन्द्रित रह्यो।

मुलधारको इतिहासमा अपेक्षाकृत कम चर्चा गरिए तापनि उनी स्थानीय स्तरमा जननायकका रुपमा परिचित भए। उनी अर्थात आदिवासी गौरव, रामप्रसाद राई।

४. शंखधर साख्वाः

नेपालको इतिहासमा एउटा यस्तो कालखण्ड आयो, जहाँ समयको गणना मात्र फेरिएन, समाजको चेतना नै नयाँ युगतर्फ मोडियो। यो नयाँ चेतनाको युगको सुरुवात भने, जनताको पीडाबाट मुक्तिको क्रममा भयो। जनता पीडामा मलम लगाउने लोककल्याणको कार्यबाट प्रेरित भएर जन्मियो, एउटा नयाँ संवत।

काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार समुदायका एक साधारण व्यापारी, तर उनको जीवन व्यापारमा सीमित थिएन। उनी समाजप्रेमी, उदार र न्यायप्रति प्रतिबद्ध थिए। जनश्रुतिअनुसार भक्तपुरका राजाले सुवर्ण साइतको रहस्यअनुसार काठमाडौंको लखुतीर्थ दोभानबाट बालुवा ल्याउन पठाउँदा, त्यसमा केही असामान्य छ भन्ने आँकलन उनले गरे। चतुर्याइका साथ राखेको उक्त बालुवा केही दिनमै सुनमा परिणत भयो।

तर त्यो सुन उनले व्यक्तिगत ऐश्वर्यका लागि प्रयोग गरेनन्। तत्कालीन समाजमा ऋण तिर्न नसकेर नारकीय जीवन बिताइरहेका जनताको ऋण तिरिदिएर उनीहरूले सामाजिक इतिहासमै दुर्लभ कार्य गरे। यही ऋणमोचनको दिनबाट नयाँ युगको संकेतस्वरूप नेपालकै नामबाट नयाँ संवत् सुरु भयो, नेपाल संवत्।

उनको गरेको यो कार्य परोपकरी मात्र थिएन, धार्मिक र सांस्कृतिक आस्थासँग गाँसिएको थियो। पशुपतिनाथ क्षेत्रमा स्थापना गरिएको शंख समातेको मूर्ति र मरू टोल नजिकमा निर्माण गरेको चैत्यले उनको धार्मिक श्रद्धा र समाजसेवाको भावनालाई आज पनि जीवित राखेको छ।

सामाजिक न्याय, लोककल्याण र राष्ट्रिय पहिचानलाई समयसँग बाँधेर अमर बनाउने, नेपाली इतिहासको उज्यालो अध्याय हुन्, आदिवासी गौरव; शंखधर साख्वाः।

५. पासाङ ल्हामु शेर्पा

नेपाली समाजमा महिलाहरुका सपनाहरू प्रायः घरको चार पर्खालभित्र सीमित गरिन्थे। त्यो समयमा ती सामाजिक र पारिवारिक सीमाहरु तोडेर माथि, बादलमाथि पुग्ने सपना देख्नु आफैँमा एक विद्रोह थियो। त्यो विद्रोहले केवल शिखरमा मात्र पुर्याएन, इतिहास नै रच्यो। त्यो व्यक्तिगत थिएन, नेपाली महिलाहरुको साहसको प्रतिक बनिन्।

सर्वोच्च शिखर सगरमाथा लामो समयसम्म पुरुषहरूको साहसको प्रतीक बनिरह्यो। सन् १९७५ मा जापानी महिला जुन्को तावेले शिखर चुमे पनि नेपाली महिलाको उपस्थितिले त्यो उचाइ अझै छोएको थिएन। त्यही रिक्ताले एक नेपाली महिलाको मनमा अठोट जन्मायो, हामी पनि सक्छौं।

हिमाली भेगमा जन्मिएको एउटा बालिकाले बाबुको पछि लाग्दै पहाड र पर्वतहरुसँग मित्रता गाँसेको थियो। ट्रेकिङ र आरोहणलाई व्यवसायको रुपमा पछ्याउँदै गर्दा उनको मनमा त्यो अठोटले झनै आकार लिंदै गयो। स्वदेश र विदेशका विभिन्न हिमाल चढ्दै गर्दा उनले सगरमाथा सपना छाडेन। तीन छोराछोरीको आमा बनेपछि पनि त्यो सपना मरेन, झन् गहिरियो। तीन पटकको प्रयास असफल हुँदा पनि हार मानेन।

सन् १९९३ अप्रिल २२ को दिन नेपाली महिलाको आत्मविश्वासको प्रतीक बन्यो। चौथो प्रयासमा सर्वोच्च शिखर चुम्नु, केवल उनले व्यक्तिगत विजय बनेन, त्यो सम्पूर्ण नेपाली महिलाको सम्मान र आत्मविश्वास बन्यो। तर फर्किने बेला बिरामी सहयात्रीलाई छोड्न नसक्ने मानवीय मूल्यले उनकै जीवन लिएर गयो।

त्यो साहस, त्यो समर्पण, त्यो आत्मविश्वासको नाम हो, आदिवासी गौरव पासाङ ल्हामु शेर्पा।

६. प्रथम सहिद लखन थापा मगर

जंगबहादुरको जहानीयाँ निरङ्कुश शासनकालको अध्याँरो युगमा।

जनता अशिक्षा, विभेद, छुवाछुत, अन्धविश्वास र अत्याचारमा पिल्सिएका थिए।

त्यही समयमा एक सैनिकलाई त्यो विभेद र अत्याचारले पिरोल्यो। उनले राणा शासनको दुष्चक्रबाट जनतालाई मुक्त गर्ने मनसाय बनाए। उनी अंग्रेज साम्राज्यवादका विरोधी त थिए तर प्रजातान्त्रिक शासनका पक्षपाती पनि।

त्यसबेलाको परिस्थितिअनुसार उनले जनतालाई मुक्ति दिने उपाय निकाले। शक्तिपीठहरूबाट जनचेतना जगाउन थाले। उनले गोरखाको बुङकोटमा करिब दुई हजार युवालाई संगठित गरी किल्ला र सैनिक संरचना खडा गरे। जनसरकार गठन गरी त्यहींबाट राणा शासनबाट मुक्तिको घोषणा गरे।

अन्ततः त्यही वर्ष विश्वासघातका कारण उनी राणा फौजद्वारा चारै तर्फबाट घेरिएपनि घमासान लडाइँ भयो। गोलीगट्ठा र रासनपानी सिद्धिएपछि आत्मसमर्पण गरे। वि.सं. १९३३ फागुन २ गते छ जना सहयोगीसहित उनलाई खिर्राको बोटमा झुन्ड्याएर हत्या गरियो।

आजभन्दा करिब १५० वर्षअघि प्रजातन्त्रको सपना देख्ने, राणा शासनको अत्याचारविरुद्ध सशस्त्र जनक्रान्तिको बीउ रोप्ने व्यक्ति थिए, नेपालका प्रथम सहिद, आदिवासी गौरव लखन थापा मगर।

७. जङ्गवीर तामाङ

नेपालको केन्द्रीय सत्ताको छेउमै रहेका तामाङ आदिवासी पीडाले भरिएको छ । एक समय थियो, तामाङहरू आफ्नै भूमिमा आफ्नै जातिनाम तामाङको रुपमा चिनिन पाउँदैनथे । उनीहरुलाई काठभोटिया, मुर्मी, भुटिया, मुर्मी भोट्या, भोट्या, निसुङ, सें, लामा, लामाभोटे जस्ता अनेक जातिनामले सम्बोधन गरिन्थे ।

ती नामहरू केवल शब्द थिएनन्, ती तामाङ पहिचान मेटाउने औजार थिए । आफ्नै जातिनाम उल्लेख गर्न नपाउनु भनेको अस्तित्व नै हराए जस्तो थियो । यस्तो परिस्थितिमा तामाङ पहिचान पुनर्जीवित गर्नु केवल सांस्कृतिक कुरा थिएन, यो आत्मसम्मान र मानव गरिमाको कुरा पनि थियो ।

राणा शासनको कठोर दमन, मुलुकी ऐनले थोपरेको अपमानजनक वर्गीकरण र सामाजिक विभेदका बीच तामाङ पहिचानको पुर्नप्राप्ति सजिलो थिएन । यद्यपी तामाङ जातिलाई एउटै नाम र एउटै पहिचान स्थापित गर्न आवाज उठ्यो ।

त्यस आवाजको पक्षमा उभिने साहस सबैमा थिएन । राज्यसत्तासँग प्रत्यक्ष संवाद गर्ने, जातिनामको आधिकारिक मान्यता माग गर्ने र त्यसका लागि जोखिम मोल्ने कार्य सजिलो थिएन । आँट गरेर तत्कालिन राणा प्रधानमन्त्री समक्ष तामाङ पहिचानको माग गरियो । वि.सं. १९८९ भदौ ६ गते 'तामाङ' जातिनामलाई राज्यद्वारा औपचारिक मान्यता प्राप्त भयो । त्यस दिनपछि तामाङ नाम सरकारी अभिलेख, कानुनी कागजात र सामाजिक व्यवहारमा स्थापित भयो । यो केवल एउटा इस्तिहार थिएन, यो तामाङ अस्तित्वको पुनर्जन्म थियो ।

यस ऐतिहासिक संघर्षको अगुवाइ गर्ने आदिवासी गौरव थिए, जङ्गवीर तामाङ ।

८. भूपि शेरचन

हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगर
बन्दैन मुलुक दुई चार सपूत मरेर नगए''

उनका यी हरफहरुले नै उनमा रहेको बिद्रोही चेत र परिवर्तनको चाह झल्काउँछ । उनी कवि हुन्, उनले कवितामार्फत समाजका गहिरा पीडा, अन्याय, विभेद र राजनीतिक विसंगतिलाई निर्भीक रूपमा उजागर गरे । सरल तर तीखो भाषाशैलीमा लेखिएका उनका कविताले आम जनताको मन छुने मात्र होइन, मथिंगल घुमाउन बाध्य पार्ने शक्ति राख्छन् ।

राणाशासनकालीन दमन, अभिव्यक्ति स्वतन्त्रताको अभाव र सामाजिक असमानताका विरुद्ध उनको लेखनी सशक्त प्रतिरोधका रूपमा थिए । उनले साहित्यलाई मनोरञ्जनको साधनमा सीमित नराखी चेतनाको हतियार बनाए । "घुम्ने मेचमाथि अन्धो मान्छे" जस्ता कृतिले शासकवर्गको अन्धोपन, शक्तिको दुरुपयोग र आम नागरिकको निरीह अवस्थालाई प्रतीकात्मक तरिकाले चित्रित गऱ्यो । यो कृति उनको सबैभन्दा लोकप्रिय मात्र भएनन्, यसले नेपाली गद्य कवितालाई नयाँ उचाइ र दिशातर्फ डोऱ्यायो ।

उनका कवितामा राष्ट्रियता, मानवता, विद्रोह र सामाजिक न्यायको गहिरो भाव पाइन्छ, जसले नेपाली समाजलाई आत्मसमिक्षा गर्न प्रेरित गऱ्यो । व्यक्तिगत जीवनका पीडा, सामाजिक अन्याय र राजनीतिक यथार्थलाई सशक्त सिर्जनामा रूपान्तरण गर्ने उनको योगदान नेपाली समाजका लागि अमूल्य छ । उनले शब्दलाई चेतनाको दीप बनाएर देश र समाजलाई उज्यालो बाटो देखाए ।

साहित्यका माध्यमबाट नेपाली समाज र राष्ट्रिय चेतनाका एक सशक्त हस्ताक्षर बनेका आदिवासी गौरब हुन्, भूपी शेरचन ।